का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ असार २०८२,
आइतबार
6 July, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १५४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# सरकारको नेतृत्व गर्न देउवालाई दबाब



सुशील कोइरालाको नेतृत्वमा समावेशी संविधान ल्याउन कांग्रेस सफल भयो, तर संविधानअनुसार चुनावमा कसैको बहुमत नआउने भएकाले दलहरु मिलेर जानुको विकल्प छैन

■ **शेरबहादुर देउवा**
**सभापति, नेपाली कांग्रेस**



संविधान संशोधनका विषयहरु छन्, देशमा रोजगारी सिर्जना गर्नु छ, कृषिलाई आधुनिकीकरण गरी समृद्ध मुलुक बनाउने जिम्मा कांग्रेसको छ, यसका लागि देउवाले सरकारको नेतृत्व गर्नुपर्छ ।

■ **शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २१ असार ।

संसदका २ ठूला दल नेपाली कांग्रेस र नेकपा (एमाले) बीच ७ बुँदे सहमति भएर सरकार गठन भएको १ वर्ष पुगेको छ । यो अवधिमा २ दलबीच भएको सहमतिअनुसार एमालेबाट सरकारको नेतृत्व लिने बाहेक सहमतिका अन्य कुनै पनि बुँदा पालन नभएको सत्ताको प्रमुख सहयात्री दल नेपाली कांग्रेसका नेताहरूले दाबी गरेका छन् ।

सरकारको नेतृत्वकर्ता दल एमालेले कांग्रेससँग भएको सहमतिअनुसार काम नगरेपछि कांग्रेसले नै सरकारको नेतृत्व लिनुपर्ने नेताहरूले सभापति शेरबहादुर देउवालाई सुझाव दिएका छन् । पार्टी सभापति देउवालाई सरकारको नेतृत्व लिन दबाब दिँदै वरिष्ठ नेता डा. शेखर कोइरालाले देउवालाई सरकारको नेतृत्व लिन सुझाव दिए । 'विगतमा भएका राजनीतिक परिवर्तन कांग्रेसकै नेतृत्वमा सम्भव भएको इतिहास छ', कोइरालाले स्मरण गराए ।

पूर्वसभापति स्व. गिरिजाप्रसाद कोइरालाको १०२ औं जन्मजयन्तीको अवसरमा शनिबार जय नेपाल फाउण्डेशनले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा कोइरालाले एमाले नेतृत्वको सरकारले जनताको पक्षमा काम गर्न नसकेको टिप्पणी गरे ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका देउवालाई कांग्रेसले सरकारको नेतृत्व लिनुपर्ने भन्दै कोइरालाले त्यसका लागि सभापतिलाई नै प्रधानमन्त्री बन्न आग्रह गरे ।

'२०४६ सालको राजनीतिक परिवर्तन, २०६२/०६३ को जनआन्दोलन र त्यसपछि प्राप्त भएका संघीय लोकतान्त्रिक गणनतन्त्र हरेकजसो निर्वाचनहरू र संविधान निर्माणको नेतृत्व नेपाली कांग्रेसले नै गरेको थियो', उनले भने 'अहिले पनि हामी सरकारमा छौं । तर, हाम्रो नेतृत्व छैन । देशका रोजगारी सृजना गर्नु छ, संविधान संशोधनका विषयहरू छन्, कृषिलाई आधुनिकीकरण गरी समृद्ध मुलुक बनाउने जिम्मा नेपाली कांग्रेसकै भएकाले कांग्रेसकै नेतृत्वमा सरकार गठन भयो भने मात्रै यो सम्भव छ ।'

१७ असार २०८१ को मध्यरातमा कांग्रेस सभापति देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच पहिलो २ वर्ष सरकारको नेतृत्व एमालेले लिने र त्यसपश्चात् कांग्रेसका सभापति देउवाले सरकार चलाउने सहमति भएको थियो । सहमतिअनुसार कांग्रेस सभापति देउवा भने इमान्दारिताकासाथ सहमति कार्यान्वयन गराउने पक्षमा देखिएका छन् । शनिबारको कार्यक्रममा देउवाले कोइरालाको »» पृष्ठ २ मा

# कुलिङ पिरियडमा छानबिन गर्न समिति बन्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असार ।

संघीय निजामती कर्मचारी सेवा तथा सर्तसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा राखिएको कुलिङ पिरियडमा भएको गडबढीलाई छानबिन गर्न संसदीय विशेष समिति बन्ने भएको छ ।

सरकारी कर्मचारीहरूले अवकास लिएको २ वर्ष पछिमात्रै राजनीतिक तथा संवैधानिक नियुक्ति लिन पाउने गरी गरिएको कुलिङ पिरियडको व्यवस्थामा संवैधानिक तथा राजनीतिक बाहेक नियुक्ति लिन नपाउने शब्द थप गरिएको थियो । संसदको राज्य व्यवस्था तथा सुशासन समितिबाट सर्वसम्मत निर्णग गरी संसदमा दर्ता भएको यो विधेयकमा सबैभन्दा चर्चाको विषय कुलिङ पिरियड नै थियो । तर, त्यही व्यवस्थामाथि विवाद भएपछि हंगामा मच्चिएको थियो ।



मुलुकको कानुन निर्माणमा संसदीय इतिहासमै यो सबैभन्दा ठूलो बदमासी भएको संसदीय समितिका सदस्यहरूले समिति सभापति रामहरि खतिवडामाथि आरोप आइलागेका छन् । यो विषयमा छानबिन गर्नुपर्ने सभापति खतिवडा स्वयमले माग गरेका छन् । उनको नेतृत्वमा कुलिङ पिरियडमा भएको बदमासीको छानबिन गर्न सभामुख देवराज घिमिरेसमक्ष माग गरेको र सोही अनुसार छानबिन समिति बनाउने तयारी भएको सभापति खतिवडाले बताए ।

सभामुख घिमिरेसहित विभिन्न दलका नेताहरूबीच शनिबार भएको छलफलपछि यस विषयको छानबिनका लागि समिति बनाउने निर्णय भएको नेकपा (एमाले)का मुख्य सचेतक महेश बर्तौलाले जानकारी दिए ।

उनका अनुसार समिति ७ सदस्यीय रहनेछ । जसमा एमाले र नेपाली कांग्रेसको तर्फबाट २/२ सदस्य रहनेछन् । त्यस्तै, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का तर्फबाट १/१ जना सदस्य रहनेछन् ।

बर्तौलाका अनुसार संसद्को नियमावलीको १८० बमोजिम समिति बनाउने निर्णय भएको हो । उनका अनुसार समितिमा रहने सदस्यहरूको नामावली सोमबार सार्वजनिक गरिने छ ।

# स्कुल जान ४ घण्टा पैदल




**कर्ण धामी/मध्यान्ह**
बझाङ, २१ असार ।

४ घण्टा हिँडेर स्कूल पढ्न जानु दुरुह नै हो । तर बझाङको बुङ्गल नगरपालिका-२, लौने गाउँका विद्यार्थीलाई भने सामान्य बनेको छ ।

करिब १५ घरधुरी रहेको यो गाउँ भौगोलिक अवस्थाले दुर्गम भएपनि प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ । तर, यहाँको शैक्षिक पूर्वाधारको अभावले गाउँका विद्यार्थीलाई शिक्षा भने सहज छैन ।

यसअघि सञ्चालनमा रहेको भवानी आधारभूत विद्यालयलाई बुङ्गल नगरपालिकाले अर्कै विद्यालयमा 'मर्ज' गरेपछि गाउँका करिब ३० जना विद्यार्थीको पठनपाठनमा समस्या आएको हो । उक्त विद्यालय अर्को विद्यालयमा गाभिएपछि अहिले गाउँमा विद्यालयका केवल जीर्ण भवन र भाँचिएका कुर्सी, बेञ्च मात्र छन् ।

'चन्दा उठाएर गाउँमा आधारभूत विद्यालय बनायौं', स्थानीय वीरबहादुर धामी भन्छन् । तर नगरपालिकाले गाउँबासीको इच्छाविपरीत विद्यालय हटाएको धामीको गुनासो छ । 'नगरपालिकाले हाम्रा छोराछोरीको भविष्यसँग खेलवाड गरेको छ । अहिले त आधारभूत तहको पढाइका लागि ४ घण्टा पैदल हिँडेर पढ्न जानु परेको छ', उनी भन्छन् ।

२०७३ मा स्थानीय मानबहादुर धामीको अगुवाइमा गाउँमै विद्यालय स्थापना गरिएको थियो । यसका लागि संघीय सरकारले आर्थिक वर्ष २०७६/७७ मा १० लाख रुपैयाँ »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# संघको धारणासँग बाझिने गरी लविङ नगर्न घटक संस्थाहरूलाई अध्यक्ष गुरुङको उर्दी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असार ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याबारे छलफल र परामर्श गर्ने एउटामात्र आधिकारिक संस्था संघ भएको बताएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाजको छैटौं साधारण सभामा शुभकामना मन्तव्य राख्दै संघका अध्यक्ष गुरुङले वैदेशिक रोजगार क्षेत्रमा स्थापना भएका दल तथा जातीय, भेगीय संस्थाको नाम अगाडि संघको नामसँग मिल्दोजुल्दो 'नेपाल वैदेशिक' राखेर संस्था सञ्चालन गर्ने परिपाटीले धेरै क्षेत्रमा अन्योल सिर्जना गरेको टिप्पणी गरे ।

कार्यक्रममा नेवाः समाजका नवनिर्वाचित अध्यक्ष किसन प्रधानले राजनीतिक दल निकट ४ सहित जातीय, भेगीय गरी हाल २२ वटा घटक संस्था अस्तित्वमा रहेको, तर संघले विगतदेखि नै उनीहरूलाई उपेक्षा गरेको र संघको वर्तमान कार्यसमितिले पनि त्यसलाई निरन्तरता दिएको भन्दै सबैलाई समेट्न आग्रह गरेका थिए । जवाफमा संघका अध्यक्ष गुरुङले भने, 'घटक संस्था भनेर मात्रै भएन, कतिपय नवीकरण छन्, छैनन् थाहा छैन । कसलाई समेट्नु, कसलाई छुटाउनु ।'

अध्यक्ष गुरुङले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई पनि संघमार्फत वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याबारे छलफल र समाधान गर्न आग्रह गरे । उनले भने, 'संघ नै सबैको छाता र आधिकारिक संस्था हो । मन्त्रीले व्यवसायी संस्थाका नाममा अन्यका कुरा सुन्न लागे विषयवस्तुको फरक-फरक बुझाइले ठूलो दुर्घटना पनि हुन सक्छ । घटक संस्थाहरूले राजनीति नगरी समाजसेवाको काम गर्नु राम्रो हुनेछ । समस्या छन् भने कहाँ जानुपर्ने हो संघ नेतृत्व साथमा साथ, हातमा हात मिलाएर »» पृष्ठ २ मा

## लक्जेम्बर्ग पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी लक्जेम्बर्ग पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा नवलपरासी पश्चिम सरावल गाउँपालिका-२ का ४० वर्षीय भूपनारायण चौधरीलाई प्रहरीले पक्राउ गरेको छ ।

चौधरीले लक्जेम्बर्ग पठाइदिन्छु भन्दै दुई जना पीडितबाट १२ लाख लिइ सम्पर्कविहीन भएको प्रहरीले जनाएको छ । चौधरीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले बिहीबार ललितपुर महानगरपालिका-४ बाट पक्राउ गरेको हो ।

**युएईमा वैदेशिक रोजगारीको अवसर** कम्पनी: SERVEU शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०८२/०३/१९ | चलानी नं.: ६०२४०५८७ | L.T. No.:326571

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Cleaner General | 100 | 0 | स. काममा दक्ष | 1000 | ३७,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २९ गते (13 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HIMGIRI RECRUITMENT AGENCY PVT.LTD.** श्रम इजाजत नं. १७०३/०८१/०८२
Battisputali-9, Kumari Mandir, Kathmandu, Nepal
Tel No: 01-5921647, 01-5921648, 9802373911,9802373912/9802373907
Email: info@himgiriagency.com Web: www.himgiriagency.com

आवश्यकता
यस मेनपावरको लागि निम्न कर्मचारीहरूको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।
Office Secretary-1 (Female), Documentation Officer- 2 (Female),
Receptionist- 2 (Female) - 2 Years Experienced in related Fields.
Public Relation Officer - 5(Male/Female) - 4 Years Experienced in related Fields.
तलब आपसी समझदारीमा

# हिमाल मानव अस्तित्वसँग जोडिएकाले सबै एकजुट भएर संरक्षण गर्नुपर्नेमा जोड



**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले हिमाल पृथ्वीको हृदयका साथै मानव अस्तित्वसँग जोडिएकाले सबै एकजुट भएर यसको संरक्षण गर्नुपर्नेमा जोड दिएका छन् ।

शनिबार आयोजित 'हिमालयन क्लाइमेट चार्टर' सम्मेलनमा उनले हिमालको संरक्षण गर्नु भनेको मानव अस्तित्वको रक्षा गर्नु भएकाले यसको राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा सबै एकजुट भएर हिमालय संरक्षण अभियानमा लाग्नुपर्ने धारणा राखे ।

हिमालय क्षेत्रलाई नेपालको मात्र नभई सम्पूर्ण पृथ्वीको साझा धरोहर र जलवायु सन्तुलन कायम गर्ने प्रणालीका रूपमा वर्णन गर्नुपर्ने मन्त्री पाण्डेले बताए । 'हिमाल पृथ्वीको हृदय हो। यसको रक्षा गर्नु केवल कर्तव्य होइन, मानव अस्तित्वको संरक्षण पनि हो' उनले भने ।

उनले हिमालय क्षेत्रमा बढ्दै गएको जलवायु संकटप्रति गहिरो चिन्ता व्यक्त गर्दै हिमनदी तीव्र गतिमा पग्लिनु, हिमताल फुट्नु, बाढी र पहिरोको जोखिम बढ्दै जानुलगायत घटनाले नेपालको जलस्रोत, जैविक विविधता, पर्यटन उद्योग र स्थानीय जनजीवनमा गम्भीर असर पारिरहेको बताए ।

मन्त्री पाण्डेले हिमाल जोगाउनु कुनै क्षेत्रीय एजेण्डा नभइ हाम्रो पृथ्वी र भावी सन्ततिको अस्तित्वसँग प्रत्यक्ष जोडिएको विषय रहेको बताउँदै सरकारले तयार पारेको 'सफा हिमाल रणनीति-२०८२'को तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए ।

उनले यो पाँच वर्षे कार्ययोजनाले फोहर व्यवस्थापन, वातावरण संरक्षण, पुनःस्थापना, उत्तरदायी पर्यटन र युवामार्फत नेतृत्व हस्तान्तरणलाई लक्षित गरेको बताए ।

मन्त्री पाण्डेले अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई पर्वतीय राष्ट्रमा जलवायु संकटको समाधानमा लगानी गर्न आह्वान गरे । साथै, पर्यटन क्षेत्रका साझेदारलाई उत्तरदायी पर्यटन प्रवर्द्धनतर्फ उन्मुख हुन उनले प्रेरित गरे ।

'बिवाइएन ब्ल्याक्याक'ग्रुपले नेपाल पर्वतारोहण संघ, खुम्बु पासाङ ल्हामु गाउँपालिका र सगरमाथा प्रदूषण नियन्त्रण समितिसँगको सहकार्यमा गरेको सम्मेलनले हिमालय क्षेत्रको वातावरणीय भविष्यप्रति विश्वव्यापी ध्यानाकर्षणसहित ऐक्यबद्धताको आह्वान गरेको छ ।

यी संस्थाले हिमालय क्षेत्रमा बढ्दो जलवायु संकटप्रति चिन्ता सार्वजनिक गर्दै संयुक्त रूपमा हस्ताक्षर गरेका छन् । घोषणापत्रले कार्बन उत्सर्जन घटाउनेजस्ता विश्वव्यापी प्रयास मात्र होइन, हिमालयसँग पुस्तौँदेखि सहअस्तित्वमा रहेका समुदायको स्थानीय ज्ञानलाई महत्त्व दिएको छ ।

ब्ल्याक्याक ग्रुपका सिइओ काङ ते सूनले भने, 'हिमालयबाट आएको यो मौन चेतावनीले देखाउँछ कि उच्चतम स्थानमा सुरू भएको परिवर्तन शीघ्र सबैभन्दा तल पुग्नेछ। जलवायु संकट अब सम्पूर्ण मानव जातिको साझा मुद्दा हो । यो घोषणापत्र केवल वाचा होइन, जलवायु न्यायका लागि एकजुट आह्वान हो ।' उनले यो सन्देश विश्वभर फैलिने र सार्थक परिवर्तन ल्याउने विश्वास व्यक्त गरे ।

# शितगंगा नगरपालिकाको बदनाम गर्न गलत प्रचार गरियो : नगरप्रमुख



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१ असार

अर्घाखाँचीको शितगंगा नगरपालिकाका नगरप्रमुख छबिलाल पौडेलले नगरपालिका र त्यसमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीको बदनाम गर्न नियोजित रुपमा सामाजिक सञ्जालमार्फत अफवाह फैलाइएको आरोप लगाएका छन् । उनले भौगोलिक रूपमा नेपालको सबैभन्दा ठूलो नगरपालिकामध्ये एक शितगंगामा, सीमित जनशक्ति र स्रोतसाधनबीच पनि उल्लेखनीय विकास निर्माण कार्य भइरहेको दाबी गर्दै केही तस्बिरहरू प्रयोग गरी नगरपालिकाको छवि बिगार्ने प्रयास भएको बताए। नगरप्रमुख पौडेलका अनुसार सामाजिक सञ्जालमा भाइरल भएको पिच गरिएको सडक उक्किएको तस्बिर शितगंगाको कुनै पनि योजनासँग सम्बन्धित छैन ।

नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले शनिबारको दिनसमेत फिल्ड अनुगमनमा खटिँदा त्यो तस्बिर बाहिर आएको जानकारी पाएको बताए । 'हामी बिहान ७ बजेदेखि राति ८ बजेसम्म निरन्तर योजनाहरूमा खटिएका छौं। तर, जब मेहनतको प्रतिफल देखिन थालेको छ, त्यहीबेला गलत सन्देश बाहिर आउँदा दुःख लाग्दो छ,' खनालले भने ।

उनका अनुसार नगरपालिकाले स्थानीय पूर्वाधार विकासमा दशवर्षे आवधिक योजना अनुसार वार्षिक बजेटमार्फत योजनाहरू कार्यान्वयन गर्दै आएको छ। १४ वटै वडाबाट सम्झौता प्रणालीअनुसार योजना कार्यान्वयन गरी ४ सयभन्दा बढी योजना सम्पन्न गरिसकिएको र भौतिक तथा वित्तीय प्रगति ९० प्रतिशतभन्दा माथि पुगेको छ ।

नगरपालिकाले १०९ वटा सामुदायिक विद्यालय, २ वटा सामुदायिक सिकाइ केन्द्र तथा ३७ वटा स्वास्थ्य संस्थामार्फत शिक्षा तथा स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्दै आएको जनाइएको छ। साथै, १४ वटा विषयगत शाखाहरूले आ-आफ्नो कार्यक्षेत्रमा नीति निर्माणदेखि कार्यान्वयनसम्मको जिम्मेवारी सम्हालिरहेका छन् ।

प्रमुख प्रशासकीय अधिकृत मदन बहादुर जिसीले नगरको भूगोलले कार्यान्वयनमा केही चुनौती पेस गरे पनि समन्वय, अनुगमन र सहकार्यका माध्यमबाट ती चुनौतीहरू पार गर्न सकिएको बताए । वडा नं. ११ का अध्यक्ष नवराज भुसालका अनुसार, कामको गुणस्तरमा विशेष ध्यान दिइएको छ। प्राविधिक कर्मचारीलाई विशेष सचेत गराइएको छ भने योजनाको हरेक चरणमा अनुगमन जारी राखिएको छ ।

नगरप्रवक्ता दामोदर न्यौपानेले कामको समीक्षा नगरी सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना फैलिएर जनप्रतिनिधि र कर्मचारीको मनोबल गिराउने काम गर्नु दुर्भाग्यपूर्ण भएको बताए। स्थानीय नारायण सिंह बेल्वासेले भने, 'नगरपालिकाले हालका वर्षहरूमा विकासका क्षेत्रमा ठूलो फड्को मारेको छ । सेवाप्रवाह सरल, प्रभावकारी र जनमुखी भएको छ।' नगरपालिकाको समग्र कार्यप्रणाली योजना अधिकृत नुमलाल खनालको दक्ष नेतृत्वमा अघि बढिरहेको जनाइएको छ ।

# छिपहरमाई गाउँपालिकाको बजेट साढे ४१ करोड

**लालबाबु बानियाँ/मध्यान्ह**
पर्सा, २१ असार




पर्साको छिपहरमाई गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि ४१ करोड ४९ लाख ४० हजार रुपैयाँ बराबरको अनुमानित बजेट सार्वजनिक गरेको छ । २१औं गाउँसभामार्फत उक्त बजेट सार्वजनिक गरिएको हो । गाउँपालिका अध्यक्ष मनोज कुमार गुप्ताले गाउँसभाको उद्घाटन गरेका थिए ।

कार्यक्रममा पाँचै वडाबाट प्राप्त योजनाहरू पारित गर्दै नीति तथा कार्यक्रम प्रस्तुत गरिएको थियो ।

अध्यक्ष गुप्ताका अनुसार बजेटमा स्वास्थ्य र शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिइएको छ । विशेष गरी आर्थिक रूपमा कमजोर, दलित तथा असहाय वर्गलाई लक्षित गर्दै निःशुल्क आँखा उपचार तथा अप्रेसनका कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ ।

त्यसैगरी, प्लस टु तहसम्मका छात्रछात्रालाई विद्यालय पोशाक उपलब्ध गराउने र विद्यालयहरू १२ कक्षासम्म निःशुल्क सञ्चालनमा राख्ने योजना बजेटमा समेटिएको छ। गाउँपालिकामा १० शय्याको अस्पताल निर्माण गरी एमबिबिएस डाक्टर राख्ने योजना पनि अघि सारिएको छ ।

**बर्थिङ सेन्टर स्थापना सबै वडामा**

अध्यक्ष गुप्ताले आफ्नो कार्यकालपछि पाँचै वडामा बर्थिङ सेन्टर सञ्चालनमा आएको जानकारी दिए । पहिले बर्थिङ सेन्टरको अभावका कारण महिलाहरू भारत वा वीरगञ्जसम्म जानुपर्ने बाध्यता रहेको उनले उल्लेख गरे ।

**शिक्षा, कृषि, पूर्वाधार र पर्यटनमा जोड**

गाउँपालिकाको नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ, विपद् व्यवस्थापन, युवा रोजगारी, भौतिक पूर्वाधार विकास, तथा उज्यालो छिपहरमाई योजना समेटिएको छ। साथै, पालिकाबाट एमबिबिएसमा नाम निकाल्ने विद्यार्थीलाई एकदेखि दुई लाख रुपैयाँसम्म अनुदान दिने निर्णय पनि गरिएको छ ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कादिर बाबु देवान, वडाध्यक्षहरू कामेश्वर यादव, महेन्द्र साह, दिपेन्द्र कुमार सिंह, रामेश्वर प्रसाद महतो, मौजीलाल साहलगायत कार्यपालिका सदस्यहरूको उपस्थिति रहेको थियो । त्यस्तै, स्वास्थ्य संयोजक शम्भुप्रसाद साह, रोजगार शाखा प्रमुख मुकेश चौरसिया, इन्जिनियर प्रकाश कुमार गुप्ता, आइटी अफिसर सञ्जिव यादव, कृषि शाखाका भुलन प्रसाद लगायतको समेत उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालन प्रशासन प्रमुख सत्रुधन यादवले गरेका थिए ।

# 'विकास-निर्माणका काममा राजनीति नगरौ'

**जनकपुरधाम/मस**-नेपाल कांग्रेसका नेता विमलेन्द्र निधिले विकास-निर्माणका गतिविधिमा राजनीति गर्नु अनुचित भएकाले पत्रकारिताका माध्यमबाट सकारात्मक सूचना एवं विचार सम्प्रेषण गर्नु अपरिहार्य भएको बताएका छन् । शनिबार आयोजित पत्रकार सम्मेलनमा पूर्वउपप्रधानमन्त्री निधिले राजर्षि जनक विश्वविद्यालयको भवन निर्माणका लागि रु आठ करोड बजेट विनियोजन भएको जानकारी दिए ।

उनले राजनीतिक दुर्भावनाका कारण भवन निर्माणमा अवरोध भएको बताए। आफूले वर्षौंदेखि राजर्षि जनक विश्वविद्यालय स्थापनाका लागि संघर्ष गरेको उल्लेख गर्दै नेता निधिले विश्वविद्यालयको भवन निर्माण गरेरै छाड्ने प्रतिबद्धता व्यक्त गरे । त्यस अवसरमा नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पञ्जियार, प्रदेश सांसद रामसरोज यादवलगायत नेता तथा कार्यकर्ताको उपस्थिति थियो।

## सरकारको...

सुझावलाई खासै चासो दिएनन् । उनले बरू वर्तमान संविधानमा भएको व्यवस्था अनुसार कुनै दलको बहुमत नआउने भएकाले २ वा सोभन्दा बढी दलहरू मिलेर चुनावदेखि सरकार गठनसम्म गर्नुपर्ने अवस्था रहेको बताए ।

नेपाल सबै भुगोल, समुदाय र जातजातीको भएकाले सबै अट्ने संविधान निर्माणमा कांग्रेसले नेतृत्व लिएको बताएका देउवाले भने, 'यो संविधानले कसैको पनि बहुमत नआउने भएको हुँदा राजनीतिक दलहरू मिलेर चुनाव लड्नुपर्ने अवस्था सृजना भएको छ। कुनै दलको बहुमत नभएपछि सरकार बनाउन पनि दलहरूबीच मिल्नुको विकल्प छैन । एक हिसाबले भन्नुपर्दा सबै दलहरू मिलेरै देश र जनताको काम गर्नु राम्रो पनि हो ।'

संघीय लोकतान्त्रिक व्यवस्था ल्याउन स्व. गिरिजाप्रसाद कोइरालाको सबैभन्दा ठूलो भूमिका रहेको देउवाले स्मरण गरे । 'गिरीजाप्रसाद कोइरालाको नेतृत्वदायी भूमिकाकै कारण संघीय लोकतान्त्रिक गणतन्त्र आएको हो', उनले भने 'सुशिल कोइरालाको नेतृत्वमा समावेशी संविधान बन्यो । तर, यो संविधानमा केही कमजोर पक्ष पनि छ । संविधानअनुसार चुनावमा कसैको बहुमत आउन सक्दैन ।'

त्यस्तै पूर्वउपसभापति विमलेन्द्र निधिले नेकपा एमालेले सत्ता गठबन्धनको न्यूनतम शिष्टाचार पनि पालना नगरेको आरोप लगाए । कांग्रेस सहमति र सामूहिक अभियानको लागि सधैँ तयार रहेको तर एमाले भने सहमति र सामूहिक अभियानमा जोडिन नखोजेको उनको भनाइ छ । २ ठूला दल कांग्रेस-एमालेबीच गठबन्धन गरेर सरकार बनाएपछि तीनै तहको सरकारमा सहमतिअनुसार काम गर्नुपर्नेमा एमालेले संघीय सरकारदेखि स्थानीय सरकारसम्म बिना सल्लाह एकलौटी गतिविधि गरिरहेको उनको टिप्पणी छ । यसले एमाले सहमतिमा इमान्दार नदेखिएको निधीले बताए ।

कांग्रेसका अधिकांश नेताहरूले एमालेसँगको सत्ता सहकार्यले स्थिरताको जग बसाले पनि संविधान संशोधन, सुशासन, विकास र नागरिकप्रतिको भरोसा दिन नसकेको बताउँछन् ।

पार्टी केन्द्रीय समितिको जारी बैठकमा नेताहरूले सरकार गठनताका भएका ७ बुँदे सहमतिअनुसार सरकारले काम गर्न नसक्दा कांग्रेसले अपजसको भारी बोक्नुपरेको धारणा राखेका छन् । अधिकांश नेताहरूले एमालेसँगको सत्ता गठबनधन भएपनि सरकारको नेतृत्व पार्टीले नगर्दा मुलुक र जनताका पक्षमा काम गर्न नसकिएको भन्दै सभापति देउवालाई सरकारको नेतृत्व गर्ने वातावरण तयार गर्न दबाब दिइरहेका छन् ।

तर, देउवाले भने अहिले नै प्रधानमन्त्री ओलीलाई नेतृत्व छाड्नुस भन्न सक्ने अवस्थामा नरहेको उनी निकटका नेताहरूले बताएका छन् ।

कांग्रेसमा सरकारको नेतृत्व फेर्ने विषयमा बहस चलिरहँदा सरकारलाई समर्थन दिएका मधेश केन्द्रित २ दल जसपा, नेपाल र नागरिक उन्मुक्ति पार्टी (नाउपा)ले सरकारलाई दिएको समर्थन फिर्ता लिन निर्णय गरिसकेका छन् । औपचारिक बैठक बसेर समर्थन फिर्ता लिएको पत्र सरकारलाई बुझाउने तयारी भइरहेको जसपा नेपालका प्रवक्ता मनिष सुमनले जानकारी दिए । 'हामीले अनौपचारिक छलफल गरेर सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरिसकेका छौं, । तर, औपचारिक रूपमा कार्यसमितिको बैठक बसेर सरकारलाई समर्थन फिर्ताको पत्र पठाउने तयारीमा छौं ।'

कांग्रेसमा सरकारको नेतृत्व परिवर्तनको बहस चलिरहेकै बेला यी २ दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएको विषयलाई राजनीतिक वृत्तमा चासोका साथ हेरिएको छ । यस घटनालाई कतिपयले सरकार परिवर्तनको सुरुवातका रूपमा लिएका छन् । यद्यपि कांग्रेसको नेतृत्वमा सरकार बनाउने भन्ने विषयमा कुनै पक्षबाट छलफल नभएको जसपा नेपालका प्रवक्ता सुमनले प्रष्ट पारे ।

## स्कुल...

दियो। उक्त रकमबाट विद्यालयको भवन निर्माण गरिनुका साथै भौतिक संरचनाको व्यवस्था गरिएको थियो । तर अहिले उक्त भवनसमेत जीर्ण भएको छ ।

गाउँमा विद्यालय नभएपछि अधिकांश विद्यार्थी अन्यत्र डेरा लिएर पढ्ने गरेका छन् ।

अधिकांश अभिभावकहरूले गाउँमा विद्यालय फेरि सुचारु होस् चाहेका छन् । उनीहरूलाई आफ्ना केटाकेटी ४ घण्टा हिँडेर पढ्न जानु परेको दृश्य असहज भइरहेको छ ।

बुङ्गल नगरपालिकाले विद्यार्थी संख्या न्यून भएको भन्दै लौने गाउँमा रहेको विद्यालयमा गाभिएको बताएको छ । नगरपालिका शिक्षा शाखा स्रोतका अनुसार पछिल्लो समय विद्यालयको तथ्यांक संकलन गर्दा लौने गाउँमा रहेको विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या अत्यन्त कम रहेको थियो । नगरपालिकाले यसलाई आधार बनाएर त्यहाँबाट विद्यालय हटाएको हो ।

बुङ्गलका नगर प्रमुख जयबहादुर धामी भन्छन्, 'पर्याप्त विद्यार्थी संख्या नभएरै कारण विद्यालय मर्ज गरिएको हो ।'

'विद्यार्थी नभएको अवस्थामा गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन गाह्रो हुन्छ। त्यसैले स्रोत साधनको उचित व्यवस्थापन र गुणस्तरीय शिक्षाका लागि विद्यालय मर्ज गर्नु पर्‍यो', उनले भने ।

## संघको...

अघि बढ्न तयार नै छ ।' अध्यक्ष गुरुङले नीतिगतरूपमा ठोस सुधार नभएको अवस्थामा सानातिना सुधारले वैदेशिक रोजगार क्षेत्रलाई नपुग्ने भन्दै केही नेपाल ऐन संशोधन गर्ने विधेयक पारित भएसँगै संख्या सय समस्याको समाधान हुने बताए । उनले नेपालमा कुनैपनि नाममा कुनैपनि देशको रोजगारीको सिन्डिकेट खडा हुने कुरामा आफूलाई विश्वास नलागेको बताए । उनले भने, 'मन्त्रीज्यूले सिन्डिकेट लाग्दैन भन्नुभएको छ। मन्त्रालयले पटक-पटक विज्ञप्ति जारी गरेर मलेसियालगायतको सिन्डिकेट हुँदैन भनेको छ । कुनैपनि विषयमा मन्त्रालयले दोहोर्‍याएर विज्ञप्ति निकाल्दैन, मलेसियाको हकमा मन्त्रालयले इतिहास कायम गरेको छ। त्यस कारण कोही पनि त्रसित हुन आवश्यक छैन ।'

वैदेशिक रोजगार ऐन २०६४ मा बदलिँदो परिवेशअनुसारको संशोधन हुनुपर्ने भन्दै अध्यक्ष गुरुङले कामदारको जिम्मेवारी पनि परिभाषित हुन जरुरी रहेको बताए । उनले भने, 'नेपालमा भएको करारअनुसार भनेको तलब सुविधा पाउँदा पाउँदै पनि कामदार आफू खुशी फर्केको अवस्थामा कामदार नै जिम्मेवार हुने गरी ऐनमा व्यवस्था गर्न जरुरी देखिएको छ ।'

त्यसैगरी उनले जापानको रोजगारी सम्बन्धमा भिसापछि भाषा परीक्षा लिने र भिसा पाएको कामदारलाई फेल गराउने प्रवृत्तिले जापानभन्दा नेपालमा खोलिएको संस्था 'जान' ठूलो हो त ? भन्ने प्रश्न उठेको टिप्पणी गरे ।

संघ बाहेक अन्य पक्षका भनाइ आधिकारिक नभएको भन्ने अध्यक्ष गुरुङको दृष्टिकोणमा केही व्यवसायीले टिप्पणी गरेपनि श्रममन्त्री शरतसिंह भण्डारीले भने सहमति जनाएका छन् ।

उनले भने, 'एउटै उद्देश्यले खोलेका संस्थाको एउटै आवाज हुनुपर्छ । व्यवसायीको पक्षमा लविङका लागि स्थापना भएको छाता संस्था संघ हो । एउटै रंग र एउटै ढंग हुनुपर्छ । धेरै संस्था हुँदा व्यवसायीका समस्या बुझ्न समस्या हुन्छ । कतिपय अवस्थामा अलमलमा पनि पार्ने गरिएको छ । मैले व्यवसायीको संगठित आवाज छैन, त्यहाँभित्र फरक-फरक स्वार्थ समूह छ भन्ने बुझेको छु । त्यसैले एकता र एकरूपता आवश्यक छ ।'

यसैबीच प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले संख्या सय समस्यासँग जोडिएको केही नेपाल ऐन संशोधन गर्ने विधेयकका विषयमा शुक्रबार सभामुख देवराज घिमिरेसँग जानकारी लिएको बताएको छ । शुक्रबार सभामुख घिमिरेलाई भेटेपछि मञ्चले भनेको छ, 'प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको एक प्रतिनिधिमण्डलले सभामुखज्यूलाई भेटेर केही नेपाल ऐन संशोधन गर्न बनेको विधयक प्रतिनिधि सभाले पास गर्ने प्रक्रियालाई शीघ्रता दिन अनुरोध गरेको छ । सम्माननीयज्यूका अनुसार राष्ट्रिय सभाबाट प्राप्त सुझावसहितको विधेयक असार २३ गते प्रतिनिधि सभामा टेबुल हुने छ ।'

मञ्चका अध्यक्ष जनक रावलको नेतृत्वमा मञ्चका पदाधिकारी तथा कार्यसमिति सदस्य सभामुख घिमिरेसँग भेट गर्न गएको मञ्चले बताएको छ।

ZERO COST RECRUITMENT OPPORTUNITY IN KUWAIT & UAE !!
शून्य लागत अन्तर्गत कुवेत र यूएईमा वैदेशिक रोजगारीको अवसर !!

कम्पनी: CONTINENTAL INTERNATIONAL GENERAL TRADING CO. W.L.L. शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०९/२० चलानी नं.: ६०२१२६३२ LT. No.:297598 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesperson | 20 | 20 | सम्बन्धित काममा दक्ष | 140 | ६२४८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 20 | 20 | | 140 | ६२४८७ | | | | | | | |
| 3. | Cook (Bakery/pastry | 15 | 0 | | 170 | ७५८७७ | | | | | | | |

कम्पनी: KELVIN CATERING SERVICES & FACILITIES MANAGEMENT EMIRATES L.L.C. शहर : UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/०३ चलानी नं.: ६०२१३१३० LT. No.:297771 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Supervisor | 3 | 0 | स. काममा दक्ष | 1800 | ६६७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Head Baker Pastry | 3 | 0 | | 2200 | ८१५७६ | | | | | | | |
| 3. | Carpenter | 3 | 0 | | 1900 | ७०४५२ | | | | | | | |
| 4. | Butcher | 3 | 0 | | 1200 | ४४४९६ | | | | | | | |
| 5. | Assistant Butcher | 3 | 0 | | 1000 | ३७०८० | | | | | | | |
| 6. | General Technician | 2 | 0 | | 2200 | ८१५७६ | | | | | | | |
| 7. | Continental Cook | 2 | 0 | | 2600 | ९६४०८ | | | | | | | |
| 8. | Assistant Salad Maker | 2 | 0 | | 1000 | ३७०८० | | | | | | | |
| 9. | Maintenance Technician/ Assistant | 1 | 0 | | 2200 | ८१५७६ | | | | | | | |
| 10. | Maintenance Supervisor | 1 | 0 | | 2800 | १०३८२४ | | | | | | | |
| 11. | Khaleeji Cook | 1 | 0 | | 4000 | १४८३२० | | | | | | | |
| 12. | Assit Cook Arabic /Rice / Veg Cutting | 1 | 0 | | 1000 | ३७०८० | | | | | | | |
| 13. | Cleaner/sweepers (General) | 0 | 20 | | 1000 | ३७०८० | | | | | | | |

अन्तर्वार्ता ओम साई पाटी प्यालेस इनरवा ३, सुनसरीमा २०८२ असार २६ गते (10 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ्ग सेन्टर इटहरी ६, सुनसरीमा २०८२ असार २७ गते (11 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा पार्टी प्यालेस पृथ्वीचोक पोखरामा २०८२ असार २९ गते (13 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Vision & Value Overseas Pvt. Ltd.
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

कतारमा रोजगार
कम्पनी: GORKHA NEPAL CONTRACTING AND HOSPITALITY SERVICES शहर: QATAR
पूर्व स्वीकृत मिति: २०८२/०३/२१ चलानी नं.: ६०२४०६९९ LT. No.: 326603

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Clean Worker | 1 | 2 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 0 | 2 | | 1000 | ३७,४१० | | | | | | | |
| 3. | Receptionist | 0 | 2 | | 1200 | ४४,८९२ | | | | | | | |

Kuwait मा रोजगार |
कम्पनी: SPEEDY COMPANY FOR DELIVERING CONSUMER ORDERS AND OTHERS शहर: Kuwait
पूर्व स्वीकृत मिति : २०८१/११/०६ चलानी नं.: ६०२३३२४७ LT. No.: 319031 पूनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Drivers | 28 | 0 | स. काममा दक्ष | 135 | ६०,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २९ गते (13 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Excellent Manpower Services Pvt. Ltd.
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com

# प्रतिकूलतामा पनि अनुकूलता खोज्न सक्नुपर्छ : प्रधानन्यायाधीश राउत



**काठमाडौं /मस-**प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले देशको समृद्धि र सुशासनको लागि प्रतिकूलता, असहजता र विघ्नवाधाबीच पनि अनुकूलता खोज्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

शनिबार काठमाडौंमा आयोजित पुस्तक 'सुनेको शासन: भोगेको प्रशासन' को लोकार्पण समारोहमा बोल्दै प्रधानन्यायाधीश राउतले मुलुकमा कुनै पनि काम गर्न खोज्दा हरेक कदममा अवरोध र कठिनाइ देखिने गरेको उल्लेख गर्दै, ती कठिनाइमै अवसर लुकेका हुन्छन् भन्ने सन्देश दिएका हुन् ।

'मुलुकमा जताततै प्रतिकूलता, असहजता र विघ्नवाधा देखिन्छ,' राउतले भने, 'तर मेरा लागि ती ठाउँहरूमा पनि अनुकूलता भेटिन्छ भन्ने विश्वास अविचलित छ।'

राउतले अवसरहरू हाम्रो वरिपरि नै घुमिरहेको तर चिन्न नसक्ने कमजोरीले देश पछाडि परेको उल्लेख गरे। 'हाम्रो अकर्मण्यता, उदासिनता र असक्षमता नै हो, जसका कारण हामीले अवसरलाई देख्न, समात्न सकेनौं,' उनले भने। ' अवसर कहिल्यै पर्खिंदैन । त्यसलाई चिन्न ढिलो भयो भने देशले ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ ।'

प्रधानन्यायाधीश राउतले प्रबुद्ध वर्गलाई सधैँ नियतको परख गर्नुपर्ने सुझावसमेत दिए । 'यो बहुत ठूलो कुरा हो,' उनले भने, 'मान्छेको अस्मितासँग यो कुरा जोडिएको हुन्छ।' उनले न्यायिक क्षेत्रको विशेष चरित्र उल्लेख गर्दै, 'जुडिसियरीमा न्यायाधीशहरू बीच आपसमा नै न्यायिक निरुपण गर्नुपर्छ, जहाँ डिक्टेड गर्न पाइँदैन,' भन्ने धारणा राखे ।

राउतले 'शासन' र 'प्रशासन' भन्ने दुई शब्दको मेलबाट 'सुशासन' को निर्माण हुने बताउँदै, सुशासनका लागि नियत, पारदर्शिता र उत्तरदायित्व आवश्यक हुनेमा जोड दिए ।

पुस्तकको प्रसंगमा उनले मोती जस्तै बाहिरी चमकभन्दा पुस्तकको मूल्य अन्त:स्करणबाट हुने टिप्पणी गर्दै विचारको गहिराइले नै समाजलाई निर्देशित गर्न सक्ने बताए ।

# पारिश्रमिक दिएर विज्ञ नियुक्ति गर्दै संसदीय समिति



काठमाडौं /मस-प्रतिनिधि सभाअन्तर्गतको महिला तथा सामाजिक मामिला समितिले विधेयकहरुमाथिको छलफलका लागि आवश्यक सुझाव लिन विज्ञ नियुक्ति गर्ने भएको छ ।

शनिबार सिंहदरबारमा बसेको समितिको बैठकले विधेयकहरुमाथिको छलफलका लागि आवश्यक सुझाव लिन विज्ञ नियुक्ति गर्ने भएको हो । समितिमा आउन लागेको मानव बेचबिखन तथा ओसार पसार ऐन, २०६४ र बालबालिका सम्बन्धी ऐन, २०७५ को संशोधन विधेयकमाथि वृहत छलफल गर्नुपर्ने भएकाले त्यसमा आवश्यक सुझाव लिन विज्ञ नियुक्ति गर्न उपयुक्त हुने समिति सभापति किरणकुमार साहले बताए ।

त्यसका लागि समितिमा काशिराज दाहाल र माधव पौडेलेको नाम प्रस्तावित समेत भएको छ । तर समितिका सांसदहरुले नै मानव बेचबिखन नियन्त्रण र रोकथामको बारेमा दुवै विज्ञहरु ज्ञाता नभएको भन्दै अन्य विज्ञहरु नियुक्ति गर्नु उचित हुने धारणा राखे । सभापति साहले सांसदहरुसँग विज्ञहरुको नाम भए दिन आग्रह गरे ।

उनले भने, 'भोलिको दिनमा हाम्रो समितिमा आउन लागेको दुई वटा विधेयक मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ र बालबालिका सम्बन्धी ऐन, २०७५ को संशोधन विधेयकमाथि वृहत छलफल गर्नुपर्ने भएकाले र विज्ञहरुको आवश्यकता भएको कारणले विज्ञहरु नियुक्ति गर्नुपर्ने आवश्यकता देखेका छौं । पारिश्रमीक बिना कसैले एक दिन, दुई दिन सहयोग गर्नसक्छ । तर हामीसँग पर्याप्त विज्ञ नियुक्ति गर्न बजेट भएकै अवस्थामा किन आर्थिक हिसावले नै नियुक्ति नगर्ने । दीर्घकालीन हिसावले नैं छलफल गरेर विज्ञको नियुक्ति गर्नुपर्ने देखिएको छ । काशिराज दाहाल र माधव पौडेलेको नाम आयो । समितिलाई आवश्यक पर्ने विज्ञहरु भए अरु पात्रको पनि नाम लिन सक्नुहुन्छ ।' समितिले पारीश्रमीक दिएर नै समितिको लागि विज्ञ नियुक्ति गर्दा कानून झनै राम्रो निर्माण गर्न सकिने सांसदहरुको धारणा छ ।

# दक्षिण कोरियाले कागेश्वरी मनोहरालाई प्लास्टिक रिसाइक्लिङ मेसिन उपहार दिने





**काठमाडौं /मस-**दक्षिण कोरियाले कागेश्वरी मनोहरा नगरपालिकालाई ६० लाख बराबरको २ वटा प्लास्टिक रिसाइक्लिङ मेसिन उपहार स्वरूप दिने भएको छ ।

कोरियाले प्लास्टिकका बोतलहरू (विशेषगरी पानीको बोतल, जुसको बोतल) हरुलाई व्यवस्थापन गर्ने नेपाली ३० लाख रुपियाँका २ वटा मेसिनहरू उपहार स्वरूप प्रदान गर्ने भएको हो ।

कोरिया फेसन डिजाइन व्यावसायिक तालिम केन्द्र तथा कोरिया रोजगार सहयोग केन्द्र अन्तर्राष्ट्रिय अध्यक्ष, प्रतिष्ठित प्राध्यापक योसेप काङ र सियोल जाङसिन विश्वविद्यालय विदेशी सहयोग एजेन्सीका प्रोफेसर सुङसुक चोले सो प्रतिबद्धता व्यक्त गरेका हुन् ।

प्लास्टिक रिसाइक्लिंगले प्रदूषण कम गर्न र स्रोतहरूको संरक्षण गर्न मद्दत गर्ने, प्लास्टिकलाई फ्याँक्नुको सट्टा पुन: प्रयोग गरेर पैसा बचत गर्न सकिने, पुनर्चक्रणले बालबालिकालाई वातावरण संरक्षणको महत्त्व सिकाउन सहयोग पुग्ने बताइएको छ । यस्तै कार्यक्रममा प्रतिष्ठित प्राध्यापक काङ र सियोल जाङसिन विश्वविद्यालयका प्रोफेसर चोले कागेश्वरी मनोहरा नगरपालिकाले सिफारिस गरेको खण्डमा नेपाली विद्यार्थीहरूलाई आफूहरूको विश्वविद्यालयमा छात्रवृत्तिमा पढाउने बताए ।

# मानुङकोटलाई पर्यटकीय ग्राम बनाइने



**तनहुँ /मस-**तनहुँको व्यास नगरपालिका-५ स्थित पर्यटकीय गन्तव्यस्थल मानुङकोटलाई पर्यटकीय ग्राम बनाइने भएको छ। पछिल्लो समय पर्यटकको गन्तव्यस्थल बन्दै गएको मानुङकोटलाई व्यवस्थित बनाउने उद्देश्यसहित नगरपालिकाले पर्यटकीय ग्राम बनाउन लागेको हो ।

मानुङकोटको आकर्षणलाई व्यवस्थित गर्न एकीकृत जग्गा विकास आयोजना विस्तार गर्ने लक्ष्य लिइएको नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिए । मानुङकोटको मौलिक चरित्रलाई यथावत् राखी आधुनिक ढङ्गबाट विकासको अभियान सञ्चालनका लागि जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सम्बन्धित जग्गाधनीहरू र नगर विकास कोषसँग सहकार्य गरिने न्यौपानेले बताए ।

न्यौपानेले भने, 'मानुङका मगर हरूले जग्गा छोड्दै जाने र बाहिरबाट आएर जग्गा किने क्रम बढ्दै गइरहेको छ । त्यसैलाई मध्यनजर गर्दै मानहुँका जग्गाहरूलाई व्यवस्थापन गर्न खोजेका हौं ।' नगरपालिकाले मानुङकोटसँगै व्यास नगरपालिका-६ स्थित शिशाघाट नयाँ सहर आयोजनामा एकीकृत जग्गा विकास आयोजना विस्तार गर्ने लक्ष्य लिएको छ ।

मानुङकोट पछिल्लो समय दृश्यावलोकन केन्द्रको रूपमा विकास भइरहेको छ। यहाँबाट देखिने सूर्योदय र कुहिरोको दृश्यले पर्यटकलाई लोभ्याउने गरेको वडाध्यक्ष विष्णुकुमार श्रेष्ठको भनाइ छ ।

राति बास बसेर बिहानै सूर्योदय र कुहिरो हेर्न आन्तरिक पर्यटक आउने गरेको होटल व्यवसायी चूडामणि दाहालले उल्लेख गरे ।

मानुङकोटमा पर्यटक उक्लिने क्रम बढेपछि यहाँ होटल खुल्ने क्रम बढेको छ । विगतमा होटल समेत नरहेको यस ठाउँमा अहिले एक दर्जन होटल खुलिसकेका छन् । दृश्यावलोकनका लागि व्यास नगरपालिकाले दृश्यावलोकन स्तम्भ निर्माण गरेको छ भने सुरक्षाका लागि डाँडाको छेउमा रेलिङ हालेको छ । रेलिङसँगैको भागमा हालै पैदलमार्ग निर्माण गरिएको छ ।

मानुङकोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ । दमौली बजारलाई कुहिरोले ढाक्नुलाई पौराणिक कथासँग पनि जोडिएको छ ।

परापूर्वकालमा महर्षि वेदव्यासका पिता पराशर ऋषिले सत्यवतीसँग सम्भोग गर्न इच्छा प्रकट गर्दा लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराइदिएको धार्मिक किंवदन्ती रहँदै आएको छ ।

मानुङकोटमा पर्यटक बढेपछि गाउँ छाडेर सहर झरेका पनि पुन: मानुङकोट उक्लिएर व्यवसाय गर्न थालेका छन् । खानेपानीको अभावमा यहाँका स्थानीयवासीले गाउँ छाडेका थिए । बजारको प्रशोधित जार र ट्याङ्करको पानीले मानुङकोटमा अहिले पानीको विकल्प दिइरहेको छ ।

मानुङकोट जाने सडक कालोपत्र भइसकेको छ । सहरी विकास मन्त्रालयको आर्थिक लगानीमा मानुङकोटसम्म पुग्ने सडक कालोपत्र गरिएको हो । अलैंचेबाट मानुङकोटसम्मको चार हजार ३०० मिटर सडक कालोपत्र भएको हो । कालोपत्र गर्न अप्ठ्यारो रहेको ठाउँमा १८० मिटर आरसिसी ढलान गरिएको छ ।

# धरानका मेयर साम्पाङको श्रमदानमा सहभागी वडाध्यक्ष बर्खास्त



**धरान /मस-**धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले चलाएको श्रमदानमा सहभागी भएका वडा नम्बर- ४ का वडाध्यक्ष धनबहादुर राईलाई पदबाट बर्खास्त गर्न नेकपा (एमाले) धरानले सिफारिस गरेको छ ।

वडाध्यक्ष राईले पार्टी हितविपरीत काम गरेको भन्दै वडाध्यक्षबाट कारबाही गर्न पार्टीको जिल्ला कमिटी समक्ष सिफारिस गरिएको एमाले धरानका उपाध्यक्ष पारस काङमाङ राईले बताएका छन् ।

२०८९ को स्थानीय निर्वाचनमा एमालेबाट निर्वाचित भएका वडाध्यक्ष धनबहादुर राई कार्यपालिका बैठकमा अनुपस्थित हुने, पार्टीको निर्देशन विपरीत काम गर्ने, पार्टीले बोलाएको बैठकमा अनुपस्थित हुने गरेका कारण कारबाही सिफारिस गरिएको उपाध्यक्ष पारसले बताए ।

उनका अनुसार पार्टीका नेताहरूले पटक-पटक सम्झाउँदा नमानेको र तीन पटक स्पष्टीकरण सोध्दा समेत चित्त बुझ्दो जवाफ नपाएपछि निर्वाचन आयोगमा बर्खास्त गर्न कारबाही सिफारिस गरिएको हो ।

धनबहादुरलाई कारबाही सिफारिस गरिएको विषयमा एमाले जिल्ला कमिटीका कार्यबाहक अध्यक्ष पर्सुराम यादवले धनबहादुरलाई एकपटक पार्टी कार्यालय बोलाएर कारबाही प्रक्रिया अगाडि बढाउने बताएका छन् ।

# घट्यो खेतीयोग्य जमिन



**काठमाडौं/मस-**२०७८ को जनगणनाअनुसार नेपालमा अक्सर खेतीयोग्य भूमिमा शहरीकरण हुने गरेको पाइएको छ ।

नेपालमा २०६८ देखि २०७८ सम्म खेतीयोग्य जमिन १६.६ प्रतिशत (२२ लाख हेक्टरबाट १८ लाख हेक्टर) ले घटेको छ । सबैभन्दा धेरै खेतीयोग्य भूमि सुदूरपश्चिम प्रदेशमा घटेको छ । सुदूरपश्चिममा ९.१ प्रतिशत, गण्डकीमा ७ प्रतिशत र कर्णालीमा ५.४ प्रतिशत मा उब्जाउ भूमि न्युन भएको छ ।

**नेपालको श्रम बजारको स्थिति**

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख रहेको छ । कुल जनसंख्यामध्ये २ करोड ३९ लाख (८२.२प्रतिशत) व्यक्ति १० वा सो भन्दा माथिको उमेर समूहमा पर्दछन् । ती मध्ये १ करोड ५७ लाख (६५.५प्रतिशत) व्यक्तिहरुलाई आर्थिक रुपले सक्रिय जनसंख्या मानिएको छ। कुल श्रमशक्तिमध्ये ८२ लाख पुरुष र ७५ लाख महिला रहेका राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ ।

प्रदेशहरुमध्ये आर्थिक रुपले सक्रिय जनसंख्या सबैभन्दा धेरै (३४ लाख) वागमती प्रदेशमा रहेको छ। कर्णाली प्रदेशमा सबैभन्दा कम (९ लाख ५० हजार) मात्र रहेका छन् । भौगोलिक क्षेत्रअनुसार तराईमा सबभन्दा धेरै (७८लाख) आर्थिक रुपले सक्रिय जनसंख्या छ । हिमाली क्षेत्रमा सबैभन्दा कम (१०लाख) छन् ।

नेपालमा १० वर्ष वा सो भन्दा माथिको जनसंख्याको श्रम सहभागिता दर ६५.५ प्रतिशत रहेको छ। जसमा पुरुषतर्फ ७१.३ प्रतिशत र महिलातर्फ ६०.४ प्रतिशत रहेको छ ।

नेपालमा १० वा सो भन्दा माथिको उमेर समूहमा अक्सर बेरोजगारी व्यक्तिहरुको संख्या ७ लाख ६७ हजार ६ सय ५८ रहेको छ । जसमा ४ लाख ९ सय २८ पुरुष छन् भने ३ लाख ६६ हजार ७ सय ३० महिला रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार, रोजगारको स्थिति चार प्रमुख श्रेणीहरुमा वर्गीकरण गरिएको तथ्यांक कार्यालयले जनाएको छ । जसमा ४२ लाख(२८.६प्रतिशत) अरुको काम गर्ने, २ लाख (१.४प्रतिशत) रोजगारदाता, ८२ लाख (५५.३प्रतिशत) आफ्नै काम गर्ने र २१ लाख (१४.५प्रतिशत) परिवारलाई सघाउने देखिएका छन् ।

कुल श्रमशक्तिको सबैभन्दा ठूलो (८५लाख, ५७.३प्रतिशत) हिस्सा प्राथमिक क्षेत्र (कृषि, वन र मत्स्यपालन) मा संलग्न रहेको पाइएको छ । नेपालको १० वर्ष र माथिका कुल जनसंख्यामा केवल १ करोड ३ लाख (४२.९प्रतिशत) व्यक्तिहरु अक्सर रोजगार रहेका छन् । १० देखि १७ वर्षसम्मका बालबालिकाको श्रमशक्ति सहभागितादर ३२.१ प्रतिशत रहेको छ । जसमा पुरुष ३१.९ प्रतिशत र महिला ३२.२ प्रतिशत छन् ।

# ठोरी बन्यो पर्साको पहिलो साक्षर पालिका

**वीरगन्ज /मस-**पर्साको ठोरी गाउँपालिकालाई पर्साको पहिलो साक्षर पालिका घोषणा गरिएको छ। शनिबार ठोरी गाउँपालिका-३ शिकारीवासमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले ठोरी गाउँपालिकालाई साक्षर पालिका घोषणा गरेका हुन् ।

सरकारले साक्षर पालिका घोषणाका लागि तोकेका १२ वटा सूचकमध्ये ठोरी गाउँपालिकले ८ वटा सूचक पूरा गरेको आधारमा पालिकालाई साक्षर पालिका घोषणाा गरिएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख भुपाल जोशीले बताए ।

ठोरी गाउँपालिका पर्सा जिल्लाका १४ वटै पालिकामध्ये पहिलो पालिका र मधेस प्रदेशको १३६ पालिकामध्ये ७ औं साक्षर पालिका घोषणा हुन सफल भएको गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले बताए ।

# नाममात्रैको हुलाक कार्यालय



**मनु यादव निरज /मध्यान्ह**
सिरहा, २१ असार

सिरहाको भगवानपुर गाउँपालिका-१ स्थित इलाका हुलाक कार्यालय जिर्ण र जोखिमयुक्त घरबाट सेवा दिइरहेको छ । झट्ट हेर्दा खण्डहरझैं देखिने यो भवनमा न त कुनै बोर्ड झुन्डिएको छ, न त कार्यालय जस्तो वातावरण नै। सेवाग्राहीहरूलाई कार्यालय पत्ता लगाउनै मुस्किल हुने स्थिति छ ।

गत एक दशकदेखि बाँसको भट्टा र जस्ताले बनेको अस्थायी संरचनाबाट सेवा दिँदै आएको हुलाक कार्यालयमा आधारभूत पूर्वाधारको समेत अभाव छ । कार्यालयका निमित्त प्रमुख नागेश्वर यादवका अनुसार वर्षा भएमा छाना चुहिने समस्या छ, भने सुरक्षाको कमीले महत्वपूर्ण कागजात हराउने वा चोरी हुने डरका कारण राति सबै कागजात आफूले घर लैजानुपर्ने बाध्यता रहेको छ ।

प्रमुख यादव भन्छन्, 'पानी पर्दा कागजात भिज्ने डर हुन्छ, कतिपय अवस्थामा खोज्दा कागजात भेट्न गाह्रो पर्छ । काम चलाउन त गर्दैछौं, तर यो अवस्था निराशाजनक छ ।' उनका अनुसार कार्यालय व्यवस्थापनमा कर्मचारीको अभावसमेत छ । 'पहिला गाउँ विकास समिति हुँदा सबै वडामा चिठी लैजाने हल्कारा हुन्थे,' यादवले स्मरण गर्दै भने, 'अहिले म र एक जना हल्कारा मात्र छौं । यो अवस्थामा सेवा प्रवाह नियमित गर्नु चुनौतिपूर्ण बन्दै गएको छ ।'

स्थानीय बासिन्दा प्रविण यादवले हुलाक कार्यालयको अस्तव्यस्त अवस्था देखेर चिन्ता व्यक्त गर्दै भने, 'यो कार्यालयले जनताको आवश्यक सेवा दिन सक्दैन । छिट्टै पक्की संरचना निर्माण गरी व्यवस्थित सेवा प्रवाह गर्नुपर्ने आवश्यकता छ ।'

# बहराइनमा घिसिङलाई नागरिक अभिनन्दन




**काठमाडौं /मस-**बहराइनमा रहेका नेपालीले नेपाल विद्युत प्राधिकरणका पूर्वप्रमुख कार्यकारी अधिकृत प्रमुख कुलमान घिसिङलाई शुक्रबार नागरिक अभिनन्दन गरेको छ । खाडीमा कार्यरत नेपाली श्रमिकसँग अनुभव साटासाट गर्ने क्रममा बहराइन पुगेका घिसिङलाई बहराइनकी नेपालीले नागरिक अभिनन्दन गरेको हो । नेपाली श्रमिक आबद्ध भएका विभिन्न जातीय संघसंस्था, राजनीतिक भातृसंगठन, जिल्लागत संस्था लगायतले अभिनन्दन गरेका हुन् ।

बहराइनका नेपालीद्वारा संयुक्त रूपमा आयोजित नागरिक अभिनन्दनका संयोजक फुलबहादुर बल, उपेन्द्र कोइराला, आशिम मोक्तान, श्रवण मिक्चन, नेपाली क्लबका अध्यक्ष दीपक गुरुङ, गैरआवासीय नेपाली संघ, बहराइनका अध्यक्ष राजु श्रेष्ठ, पूर्वअध्यक्ष लक्ष्मी गिरी, जनजाति महासंघका अध्यक्ष विरेन्द्रकुमार तुम्वापो लगायतले घिसिङलाई नागरिक अभिनन्दन पत्र हस्तान्तरण गरेका थिए ।

नागरिक अभिनन्दन ग्रहण गर्दै घिसिङले आफू कुनै पार्टीको झन्डा लिएर खाडी क्षेत्रमा नआएको बताए । 'म कुनै पनि पार्टीको झन्डा लिएर आएको होइन । म सरकारको कर्मचारी भएर वा सरकारको प्रतिनिधि भएर पनि आएको होइन,' घिसिङले भने,'एउटा जिम्मेवारी नागरिक भएको हिसाबले तपाईहरूसँग एउटा हातमा हात मिसाउने, साथमा साथ मिसाउने र तपाईहरुको संकल्पलाई अभियानको रुपमा अगाडि बढाउन आएको हो ।'

उनले बहराइनबाट उज्यालो अभियान सुरु गरेको बताए । 'यो उज्यालो अभियान बहराइनबाट सुरु गरेका छौं । यो अभियान अरुको देशमा पनि पुग्नेछ । अगाडिको यात्रा के गर्ने भनेर धेरैले सोध्नुहुन्छ। अगाडिको यात्रा कस्तो हुन्छ भन्नेमा तपाईको सुझाव नै मेरो यात्राको मुलश्रोत हुनेछ,'उनले भने ।

# कटान रोक्न बिरुवा रोपण सुरु



**कैलाली /मस-**कैलालीको मोहना नदी क्षेत्रको कटान रोक्न २० हेक्टर क्षेत्रमा ३२ हजार बिरुवा रोपण सुरु गरिएको छ । धनगढी उपमहानगरपालिका-३ र १३ मा रहेको डिलासैनी शिव मन्दिर सामुदायिक वन उपभोक्ता समूह क्षेत्रभित्रको बगर क्षेत्रमा वृक्षरोपण सुरु गरिएको हो ।

डिभिजन वन कार्यालय कैलालीको सहकार्य र नेचर नेक्सस नेपालको आयोजनामा शनिबारदेखि वृक्षरोपण सुरु गरिएको डिभिजन वन अधिकृत कृष्णदत्त भट्टले बताए । वन क्षेत्रभित्रको खाली जमिनलाई हराभरा बनाउने उद्देश्यले वृक्षरोपण सुरु भएको बताउँदै उनले यसले नदी कटान रोकथाममा सहयोग पुग्नुका साथै वातावरणीय सन्तुलन कायम गर्न महत्त्वपूर्ण सहयोग मिल्ने बताए ।

डिलासैनी सामुदायिक वनका अध्यक्ष कृष्णसिंह ऐरका अनुसार सामुदायिक वनभित्रको खाली जमिनमा वृक्षरोपण गर्ने योजना रहेको जानकारी दिए । मोहना नदीको कटान हुने क्षेत्रलाई पनि मध्यनजर गर्दै ३२ हजारभन्दा बढी बिरुवा रोप्ने योजना रहेको उनले बताए ।

नेचर नेक्सस नेपालका निर्देशक वीरेन्द्र विष्टले वृक्षरोपणले वातावरण संरक्षणमा मात्र नभई जनचेतना फैलाउने काममा सहयोग पुग्ने बताए । जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न वृक्षरोपण गर्ने काम भरपर्दो भएकाले जैविक विविधता संरक्षणका लागि वृक्षरोपण अनिवार्य रहेको जनाइएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
२२ असार २०८२ आइतबार
6 July 2025, Sunday

## सम्पादकीय

# प्रधानमन्त्रीमा हुनुपर्ने बोध

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठाको परियोजना मानेको त्रिवि क्रिकेट रंगशालामा दोस्रोपटक थपिएको मितिमा पनि नबन्ने भएको छ। प्रधानमन्त्री ओलीले दोस्रोपटक घोषणा गरेको समयमा यही असार मसान्तमा सकिदैछ। तर त्यसअघि नै युवा तथा खेलकुद मन्त्रालयले यो मसान्तभित्र रंगशाला तयार नहुने जानकारी दिइसकेको छ। नेकपा एमालेका अध्यक्ष ओलीले गत वर्ष ३१ असारमा चौथोपटक प्रधानमन्त्री नियुक्त भएपछि पहिलो निर्णयका रूपमा क्रिकेट रंगशालामा फ्लड लाइट जडान र प्याराफिट निर्माण ३०० दिनभित्र गरिसक्ने निर्णय गरेका थिए। मन्त्रिपरिषद्को यो पहिलो निर्णयलाई ओलीले सामाजिक सञ्जाल मार्फत् आफै सार्वजनिक गरेका थिए। युवा पुस्ताको ध्यान तान्न प्रधानमन्त्री ओलीले क्रिकेट रंगशाला निर्माणलाई प्रतिष्ठाको परियोजना बनाएका थिए।

तर घोषित ३०० दिनभित्र रंगशालामा फ्लडलाइट जडान र प्याराफिट निर्माण हुन सकेन। घोषित मितिमा निर्माण सकिएको भए गत २४ वैशाखमा प्रधानमन्त्री ओलीले रंगशाला शिलान्यास गर्ने थिए। तर घोषित मितिको तीन दिन अगि ओलीले सामाजिक सञ्जालबाटै आफूले भनेको समयमा काम हुन नसकेको जानकारी दिए। दोष भने उनले ठेकेदारलाई दिएका थिए। ठेकेदारका कारणले रंगशाला निर्माण समयमा नसकिएको भन्दै थप दुई महिनामा काम सकिने बताएका थिए। तर थपिएको दुई महिनामा पनि रंगशाला निर्माणाधीन अवस्थामै रहने भएको छ। अर्थात् ओलीको पहिलो निर्णय नै अधुँरो हुन पुगेको छ। त्यसमा पनि आम युवाहरूको चासो रहेको रंगशाला बनाउन ओली असफल भए।

जबकि ओलीका निम्ति यो अन्तिम अवसर थियो। चौथोपटक प्रधानमन्त्री रहेका ओली अर्कोपटक के हुने भन्ने निश्चित छैन। एमालेभित्रै ओलीको विकल्प खोज्ने गतिविधि तीव्र छ। यसअघि यस्तो दृष्य एमालेभित्र देखिएको थिएन। तर पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी सक्रिय राजनीतिमा फर्किएपछि ओलीको विकल्प खोजी तीव्र छ। यस्तो बेला ओलीले काम गरेरै आफूलाई स्थापित गर्नुपर्ने हो। अभिव्यक्तिकै कारण त अब उनलाई पत्याउने अवस्था छैन। चौथोपटक प्रधानमन्त्री पदको शपथ लिएपछि ओलीले पनि काम गरेरै स्थापित हुने बताएका थिए। तर पहिलो परियोजनामै उनी असफल भए। अरू परियोजनाहरूको विकास अवस्था पनि चित्तबुझ्दो छैन। यस्तो अवस्थाको रियलाइजेसन भने प्रधानमन्त्रीमा देखिएको छैन। सरकारको वर्षदिन पुगिरहँदा यसतर्फ प्रधानमन्त्रीलाई साझेदार र समकालीन नेताहरूले सम्झाइदिन जरूरी छ।

# सरकारको खर्च न्यूनीकरणतर्फ लगानी कोष

*आगामी वर्षको बजेटमा सामाजिक सुरक्षा भत्तामा १ खर्ब ९ अर्ब रूपैयाँ विनियोजन गरिएको छ। सामाजिक सुरक्षाका क्षेत्रमा सरकारको दायित्व बढिरहेको अवस्थामा लगानी कोषले सञ्चालनमा ल्याएका कार्यक्रमहरूमा सबैलाई सहभागिता गराउन सकेमा सरकारको खर्च दायित्व स्वत: घट्ने देखिन्छ...*

अग्रलेख



● उद्धव सिलवाल

विश्वमा सामाजिक सुरक्षालाई हेर्दा १५औं शताब्दीतिर बेलायतमा सुरु भएको देखिन्छ। सन् १८८९ मा जर्मनीबाट वृद्धावस्थाको बिमा कार्य सुरु भएको थियो। प्रथम विश्वयुद्ध १९३० पछि राज्यको काँधमा आइपरेको व्यय भारलाई व्यवस्थापन गर्न १९३० को दशकमा अन्य देशहरूमा सामाजिक सुरक्षा योजना सञ्चालनमा आएको देखिन्छ। सन् १९३५ मा अमेरिकामा सामाजिक सुरक्षा ऐन लागु भएको थियो। त्यसलगत्तै अधिकांश युरोपियन मुलुकहरूमा सामाजिक सुरक्षा लागु भएको हो। नर्वे, स्विडेन, डेनमार्क, फिनल्याण्ड र आइसल्याण्ड जस्ता देशहरूले आर्थिक मन्दी हुनुपुर्व नै सामाजिक सुरक्षा योजना कार्यान्वयन ल्याएको देखिन्छ। सन् २०१८ सम्म आइपुग्दा विश्वका अधिकांश मुलुकमा कुनै न कुनै रूपमा सामाजिक सुरक्षाका कार्यक्रम लागु भइसकेको थियो।

नेपालमा सामाजिक सुरक्षाको इतिहासलाई हेर्ने हो भने वि.सं. १९९१ मा नै सैनिक द्रव्य कोष खडा गरी सामाजिक सुरक्षाको औपचारिक शुभारम्भ भएको थियो। वि.सं. २००१ मा प्रधानमन्त्री जुद्ध शमशेर जबरले अवकाश प्राप्त नेपाली सेनाहरूलाई पेन्सन दिने प्रणाली सुरु गरेका थिए। सोही वर्ष निजामती सेवामा कार्यरत कर्मचारीहरूका लागि प्रोभिडेन्ट फन्ड र वि.सं. २०१२ मा प्रहरीहरूका लागि 'प्रोभिडेण्ड फन्ड'को व्यवस्था गरिएको थियो।

वि.सं. २०१९ सालमा कर्मचारी सञ्चय कोष ऐनअन्तर्गत उक्त कोष स्थापना भएको हो। वि.सं. २०३० मा बोनस ऐन र वि.सं. २०४७ को नागरिक लगानी कोष र २०७५ बाट सामाजिक सुरक्षा कोष सुरु भएको हो। यसरी नेपालमा सामाजिक सुरक्षाका कार्यक्रमहरू विस्तार भएका हुन्। हामी कहाँ सामाजिक सुरक्षाको अवधारणा व्यापक रहेको छ। यसले विभिन्न पक्षहरूलाई समेट्दै आएको छ। यसको मुख्य उद्देश्य जोखिममा रहेका र कमजोर वर्गका व्यक्तिहरूलाई आर्थिक सहायता प्रदान गरी उनीहरूको जीवनयापनमा सहयोग पुऱ्याउनु हो। यसमा ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अपाङ्गता भत्ता, लोपोन्मुख जाति भत्ता, बालबालिका पोषण भत्तालगायतका रहेका छन्। यी भत्ताहरू स्थानीय तहमार्फत वितरण गरिन्छन्। जसले गर्दा राज्य कोषमा वार्षिक एक खर्बभन्दा बढी दीर्घकालीन दायित्व बेहोर्नु पर्ने अवस्था रहेको छ।

यही अवस्थालाई कम गर्न नेपाल सरकारको स्वामित्व भएको नियामक निकाय, संस्थान, बोर्ड, समिति तथा प्रतिष्ठानहरू जो आफ्नै स्रोत नभई नेपाल सरकारको स्रोतमा निर्भर रहेका छन्, त्यस्ता निकायको दीर्घकालीन दायित्व राज्य कोषले लिन नसक्ने भन्दै अर्थ मन्त्रालयले २०८२ साउनदेखि योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागु गर्ने निर्णय गरेको हो। यो प्रणाली लागु गर्ने सम्बन्धमा उपप्रधानमन्त्री एवम् अर्थमन्त्री स्तरीय निर्णय भएको छ।

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीले कर्मचारी र सहभागी संस्था दुवैले निश्चित दरमा आम्दानीको केही अंश सामाजिक सुरक्षा कोषमा योगदान गर्ने भन्ने बुझाउँछ। कर्मचारी भन्नाले सरकारी र निजी क्षेत्रमा कार्यरतलाई बुझाउँछ। सोही योगदानको आधारमा वृद्धा अवस्था, बिरामी, मातृत्व, बेरोजगारी, दुर्घटना, अशक्तताविरुद्ध सुरक्षा वा निश्चित रकम प्राप्त गर्न सकिन्छ। यसले सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई दीर्घकालीन रूपमा दिगो बनाउन सहयोग पुऱ्याउँछ। यसको मुख्य उद्देश्य वृद्ध वृद्धा अवस्थामा आर्थिक सुरक्षा प्रदान गर्नु, काम गर्न नसक्ने अवस्थामा आयको सुनिश्चितता गर्नु र जीवनको गुणस्तर कायम राख्न मद्दत गर्नु हो।

सरकारले योभन्दा अघि निजामती कर्मचारीहरूको हकमा निवृत्तिभरण कोष ऐन, २०७५ कार्यान्वयनमा ल्याइसकेको छ। त्यसैले यो निर्णय निजामती कर्मचारीलाई लक्षित नभई संस्थान, वार्ड, प्रतिष्ठान तथा समितिहरूमा अब आउने कर्मचारीहरूलाई लक्षित गरिएको देखिन्छ। यो भनेको सरकारले अब त्यस्ता निकायको दीर्घकालीन दायित्व पूरा गर्दैन भन्नु हो। यसको लागि अब भर्ना हुने कर्मचारीहरूले पेन्सन तथा उपदानको सट्टा आफूले पनि सामाजिक सुरक्षामा योगदान गर्नुपर्ने हुन्छ। यसले सरकारी कोषमाथि थप व्ययभार सिर्जना नगरी कानुनअनुसार स्थापना भएका अवकाश कोषमा जान सकिने कुरालाई देखाउँछ। आफ्नै स्रोतबाट, आफैँ अवकाश कोष सञ्चालन गर्न सक्ने संघ, संस्थान, प्रतिष्ठान एवं समितिहरूले आफैँ पनि अवकाश कोष योजना सञ्चालन गर्न सक्ने यो निर्णयले देखाएको छ। आफैँ अवकाश कोष योजना सञ्चालन नगर्ने हो भने योगदानमा आधारित कोषमा जान सकिने यसको आशय हो।




त्यसैले यस्तो अवस्थामा विगतदेखि नै नागरिक लगानी कोषले विभिन्न योजनाहरू सञ्चालन गरिरहेको छ। अवकाश कोष व्यवस्थापन तथा सामाजिक सुरक्षाका सम्बन्धमा विगतदेखि कोषले काम गर्दै आइरहेको सबैलाई थाहा भएकै विषय हो। कोषले हाल विभिन्न ७ वटा कार्यक्रम/योजना सञ्चालनमा ल्याएको छ। यी योजनामा कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता हिसाब योजना, राष्ट्र सेवक कर्मचारी जीवन बिमा कोष, नागरिक एकांक योजना, नागरिक पेन्सन योजना र नेपाल कृषि अनुसन्धान परिषद् बिमा कोष रहेका छन्। यी सबैले सामाजिक सुरक्षा सम्बन्धी कार्य गर्दै आइरहेका छन्।

कर्मचारी बचत वृद्धि अवकाश कोषमा सहभागीहरूलाई आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका भइपरी आउने कार्यका लागि कोषले विभिन्न सुविधा दिँदै आइरहेको छ। सहभागीको जम्मा बचत रकममा ब्याज र थप प्रतिफल दिने एवं सहभागी बचतकर्ताको दुर्घटना भई मृत्यु भएमा विपद् सहुलियतको व्यवस्था गर्नु भनेकै सामाजिक सुरक्षाको कार्य हो। त्यसैगरी उपदान तथा पेन्सन योजनामा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारी सहभागी भइरहेका छन्। पेन्सन भनेको एउटा यस्तो नियमित भुक्तानी जसले आफ्नो सक्रिय सेवा अवधि पूरा गरेपछि जीवनभर वा निश्चित अवधिसम्म रकम प्राप्त गर्छन्। सहभागीले आफ्नो सेवाकालमा गरेको योगदान, सेवा अवधिको लम्बाई वा अन्य तोकिएका मापदण्डका आधारमा पेन्सन प्रदान गर्छन्। खासगरी सरकारी सेवा, संगठित संस्था वा अन्य पेसाबाट अवकाश पाएपछि जीवन निर्वाहका लागि आयस्रोतको बलियो माध्यमको रूपमा पेन्सन योजना रहेको छ।


योगदानमा आधारित भन्नाले व्यक्ति वा रोजगारदाताले सेवाकालमा नियमित रूपमा पेन्सन कोषमा योगदान गर्छन्। सोही योगदान र त्यसबाट प्राप्त प्रतिफलका आधारमा पेन्सन तय हुन्छ। योगदानमा आधारित नभएको हकमा योगदानको आवश्यकता पर्दैन। सेवा अवधि र प्रचलित नियमानुसार पेन्सन प्रदान गरिन्छ। लगानीकर्ता अवकाश योजनाले कर्मचारीको औषधोपचार खर्च, कल्याणकारी कोष, बिमा कोष, हित कोष, वार्षिकोत्सव बापतको कोष, सञ्चित बिदालगायतका दायित्व व्यवस्थापन पर्छ। यो भनेको पनि सामाजिक सुरक्षाको कार्य हो। नागरिक पेन्सन योजनामा सबै नेपाली नागरिक सहभागी हुन सक्ने व्यवस्था रहेको छ। यसमा गैरआवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकसमेत सहभागी हुन सक्ने व्यवस्था छ। नेपाल कृषि अनुसन्धान परिषद्को बिमा कोषमा नेपाल कृषि अनुसन्धान परिषद्का कर्मचारीको मासिक पारिश्रमिकबाट तोकिएको रकम कट्टा गरी सोमा परिषद्को तर्फबाट त्यति नै रकम थप गरी कोषमा जम्मा भएको रकमलाई लगानी गर्ने र सोबाट परिषद्का कर्मचारीको बिमा व्यवस्था गराएको छ। यो भनेको योगदानमा आधारित सामाजिक सुरक्षाको कार्य हो।

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार २०८० फागुनसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने संख्या ३७ लाख ६ हजार ३ सय २७ रहेको थियो। उक्त आवको चैतदेखि असारसम्मको ४ महिनामा १ लाख २३ हजार १ सय ४६ ले बढेर ३८ लाख २९ हजार ४७३ पुगेको थियो। उक्त वर्षको बजेटमा सरकारले १ खर्ब २० अर्ब ८४ करोड ९० लाख रुपैयाँ विनियोजन गरेको थियो।

आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार चालु वर्षको फागुन मसान्तसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने संख्या ३७ लाख ६ हजार ३८९ रहेको छ। चैतदेखि असार मसान्तसम्मको अवधिमा अघिल्लो वर्षकै अनुपातमा यो संख्या बढेमा ३८ लाखभन्दा बढी हुने देखिएको छ। आगामी वर्षको बजेटमा १ खर्ब ९ अर्ब रुपैयाँ विनियोजन गरेको छ। अघिल्लो वर्ष ६८ वर्षसम्म उमेर भएका ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता पाउने गरेकोमा आगामी वर्षदेखि भने फेरि उमेर ७० वर्ष पुऱ्याइएको कारण चालु वर्षभन्दा आगामी वर्षमा सामाजिक भत्ताको रकम केही घटेको छ। यस्तो अवस्थामा लगानी कोषले सञ्चालनमा ल्याएका कार्यक्रमहरूमा सहभागी हुनु पर्ने व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउनेतर्फ सम्बन्धित निकायले पहल गरेमा सरकारको खर्च दायित्व घट्ने थियो।

## इतिहासमा आज

६ जुलाई १९९८ को दिन हङकङको चेक ल्याप कोकमा हङकङ अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आयो। जसले शहरको अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा काई टाक विमानस्थललाई प्रतिस्थापन गरेको थियो।



६ जुलाई २००६ मा चीन-भारत युद्धको समयमा बन्द गरिएको भारत र चीन बीचको नाथु ला पास ४४ वर्षपछि व्यापारको लागि पुन: खुलेको थियो। जसले चीन-भारत विवाद पनि कम गराउन सहयोग गरेको थियो।



६ जुलाई २०१३ मा एशियाना एयरलाइन्सको उडान २१४ को रूपमा सञ्चालन हुने बोइङ ७७७ सान फ्रान्सिस्को अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटनाग्रस्त भयो। जसमा ३ जनाको मृत्यु भयो भने १८१ जना घाइते भए।



६ जुलाई २०१३ मा क्युबेकको ल्याक-मेगान्टिक शहरमा रेल पटरीबाट खस्यो र आगोमा विस्फोट भयो। जुन घटनामा ४७ जनाको मृत्यु भयो भने शहरको मध्य क्षेत्रमा ३० भन्दा बढी भवनहरू ध्वस्त भए।



# गाउँका समस्या कसले बुझ्ने ?

विचार



● रूपा अर्याल

> *विकासको मेरूदण्ड गाउँ हो, तर त्यो मेरूदण्ड भाँचिएको छ। सुधार्न आवश्यक छ, सच्चिएर हेर्न आवश्यक छ, राज्यको दृष्टिकोण परिवर्तन गर्न आवश्यक छ। नत्र भने 'समृद्ध नेपाल' भन्ने नारा गाउँको कानमा ठार्किँदैन, किनभने गाउँ अझै पनि अभावमै डुबिरहेको छ...*

गाउँको माटो, खेतबारी, रित्तिँदो बस्ती, धमिलिँदो सपना र उकुसमुकुस जिन्दगी–यिनै हुन् नेपाली गाउँको हाल। तर, ती गाउँका समस्या कहिले कसैले सुन्न खोजेका छन् त ? गरिबी, बेरोजगारी, शिक्षा र स्वास्थ्यको अभाव, सडकको नाउँमा धुलो, बिजुलीको नाउँमा अन्धकार, तलबको नाउँमा श्रम शोषण– यी समस्या गाउँका साझा कथाहरू जस्तै भइसकेका छन्। तर, यी कथा कसले पढ्छ ? कसले बुझ्छ ?

नेपालको समग्र समाजमा राजनीतिक चेतना र जनप्रतिनिधिको पहुँच बढे पनि गाउँका कुरा अझै पनि उपेक्षित छन्। गाउँ विकासको प्राथमिक तह हो भन्ने कुरा हरेक बजेट भाषणमा दोहोरिन्छ, तर योजनाहरू शहर केन्द्रित रहन्छन्। योजनाहरू बनाउनेहरूसँग गाउँको पीडा बुझ्ने संवेदना छैन, न त उनीहरूलाई त्यहाँ पुगेर समस्या देख्ने फुर्सद नै छ।

एकातिर, गाउँका युवाहरू श्रम बेच्न साउदी, कतार, मलेसिया पुगिरहेका छन्, अर्कोतिर गाउँमा बाँकी रहेका बृद्ध, महिला र बालबालिका दैनिक जीवन चलाउन संघर्षरत छन्। गाउँमा सस्तो श्रम उपलब्ध छ, तर उत्पादनको ग्यारेन्टी छैन। कृषि उपजको उचित मूल्य छैन। बजारसम्म पहुँच छैन। सरकारी अनुदान कागजमै सीमित छ। अनि पनि गरिब किसानसँग आधुनिक प्रविधि अपनाउन आग्रह गरिन्छ। कसरी ? कुन स्रोत र कुन भरोसामा ?

गाउँका विद्यालयहरू अझै पनि न्यून शैक्षिक गुणस्तरका कारण शिक्षित जनशक्ति उत्पादन गर्न असमर्थ छन्। शिक्षकहरू समयमै हाजिर हुँदैनन्, पाठ्यक्रम समयमा सकिँदैन र शिक्षणशैली परम्परागत ढर्राकै हुन्छ। कतिपय ठाउँमा विद्यालय भवन छ, तर शिक्षक छैनन्, शिक्षक छन्, तर विद्यार्थी छैनन्। शिक्षा त्यही हो, जहाँ पुस्ताको भविष्य निर्माण हुन्छ, तर गाउँका बालबालिकाले त्यो आधार नै पाएका छैनन्।

स्वास्थ्य सेवा झनै दयनीय छ। औषधि छैन, डाक्टर छैनन्, सुविधा छैन। प्रसूति सेवा नभएर महिलाहरूले बाटोमै ज्यान गुमाइरहेका छन्, तर स्वास्थ्य केन्द्रमा ताला लागिरहेको छ। कहिलेकाहीँ बिरामी लिएर मोटरसाइकलमा घण्टौको यात्रा गर्नुपर्ने बाध्यता अझै बाँकी छ। यसरी रोग लागेपछि भाग्य र भगवान भरोसा गर्नु बाहेक अरु उपाय छैन।

सडक, खानेपानी, सञ्चार, बिजुली– यी आधारभूत सेवाहरू पनि अझै गाउँमै पुगिसकेका छैनन्। सडक निर्माणका नाममा वर्षौंदेखि अलपत्र परेका ग्राभेल बाटाहरू छन्, जसले वर्षामा हिलो र हिउँदमा धुलो उडाउँछ। खानेपानीका पाइपलाइन तानेका छन्, तर पानी कहिले आउँछ भन्ने ग्यारेन्टी छैन। बिजुलीका पोल गाडिएको देखिन्छ, तर बत्ती बाल्ने काम कहिले हुन्छ थाहा छैन।

यति समस्याका बिच पनि गाउँका जनताले बाँच्ने प्रयास गरिरहेका छन्। उनीहरू मेहनती छन्, धैर्यवान छन्, देशप्रेमी छन्। तर, उनीहरू आवाजहीन छन्। उनीहरूको आवाज राजधानीसम्म आइपुग्दैन। जनप्रतिनिधिहरू चुनावको बेला गाउँ पुग्छन्, नारा दिन्छन्, झूटो सपना बाँड्छन्, तर जितेपछि सम्पर्कविहीन हुन्छन्। गाउँका समस्याको हल गाउँमै सम्भव हुन्छ भन्ने बुझेका बिरलै नेता वा कर्मचारी भेटिन्छन्।

गाउँका समस्या बुझ्न पहिलो शर्त हो- गाउँ पुग्न। त्यहाँको माटो चाल्नुपर्छ, त्यहाँको मान्छे भेट्नुपर्छ, उनीहरूको पीडा आफ्नै जस्तो महसुस गर्नुपर्छ। केवल रिपोर्ट हेरेर वा डाटा विश्लेषण गरेर होइन, आत्मीयता र अनुभूतिका आधारमा मात्र गाउँ बुझिन्छ। गाउँ बुझ्ने हो भने शहरले गाउँलाई हेर्ने दृष्टिकोण फेरिनुपर्छ। नत्र गाउँकै लागि भनेर बनाइने नीति सधैँ कागजमै सीमित रहनेछ।

विकासको मेरुदण्ड गाउँ हो, तर त्यो मेरुदण्ड भाँचिएको छ। सुधार्न आवश्यक छ, सच्चिएर हेर्न आवश्यक छ, राज्यको दृष्टिकोण परिवर्तन गर्न आवश्यक छ। नत्र भने 'समृद्ध नेपाल' भन्ने नारा गाउँको कानमा ठटिँदैन, किनभने गाउँ अझै पनि अभावमै डुबिरहेको छ। गाउँका समस्या बुझ्न समय दिनुपर्ने छ। केवल राजधानीमा बसेर देश हाँक्ने सपना हेर्नेहरूले होइन, गाउँको धूलो खाँदै, पसिना बगाउँदै, जनताको बीचबाट उठ्नेहरूबाट मात्र समाधान सम्भव छ। देश त गाउँबाटै बन्छ, तर जबसम्म गाउँ बुझ्ने नेतृत्व हुँदैन, तबसम्म गाउँका समस्या कसले बुझ्ने ? यही प्रश्न झुण्डिइरहन्छ।

## सामाजिक सञ्जाल




**ध्रुवहरि अधिकारी**

सर्वोच्चको फैसला आधारातमा आयो। महाकाली सन्धिलाई संसदीय अनुमोदन मध्यरातमा भएको थियो। प्रधानमन्त्री र छिमेकका सामन्त गोयलसँगको तीन घण्टे भेट सकिँदा मध्यरात भएको चर्चा उसै बखतको हो। यसरी कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सबैतिर रातको आकर्षण देखियो। दिनको उज्यालो छलियो !



**विष्णु ढकाल**

हो यो कुलिङ पिरियडको मामिला पनि गम्भीर हो, मुद्दा उठ्यो उठ्नुपर्छ, तर यसैलाई धेरै महत्व दिएर अरू भ्रष्टाचार मानव तस्करीका मुद्दा ओझेलमा पार्न खोजेको सरकारी नियत पनि बुझ्नु जरुरी छ ! सरकारले कुनै न कुनै उपाय खोजेर उनीहरूलाई फाइदा हुने अनुकूलका व्यक्ति नियुक्त गर्न खडेरी छैन यहाँ !



**समा थापा**

कुलिङ पिरियडको प्रावधानमा कसले जालझेल गऱ्यो भन्दा पनि कसरी संसद्, समिति, सांसद र जनतालाई पङ्गु बनाइँदै आइएको छ भन्ने तथ्य उदाङ्गो भएको छ। जालझेल त आज रामको पालो भोलि श्यामको भन्ने हामीलाई थाहा नै छ, मात्र कारबाही गरेर यो विषय थामथुम नपारियोस् दोषीलाई कारबाही होस्।



**गोविन्दराज पोखरेल**

आफ्नो हैसियत र पदको जिम्मेवारीको कसीमा १.समितिका सभापति र सदस्यज्यूहरू, २.पढेर हुन्छ या हुन्न भन्ने माननीय सांसदज्यूहरूलाई यो प्रणालीलाई कति भुत्ते बनाइएछ भन्ने आत्मग्लानि भएको छ या छैन ? कर्मचारीले घुसाएछ भनी पन्छिन पाइन्छ ? कर्मचारीले नै ऐन बनाउने हो भने तपाईंहरू किन संसदमा ?

# वन क्षेत्रको राजस्वले प्रदेश विकासमा महत्वपूर्ण भूमिका खेलेको छ : मुख्यमन्त्री आचार्य



अर्घाखाँची/मस-लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशको विकास निर्माणमा वन क्षेत्रबाट आर्जित राजस्वले महत्वपूर्ण योगदान पुऱ्याएको बताएका छन् । शनिबार अर्घाखाँचीको डिभिजन वन कार्यालय अन्तर्गत रुद्रीस्थित डिभिजन वन नर्सरीको अनुगमन गर्दै मुख्यमन्त्री आचार्यले वन क्षेत्रलाई उत्पादन र आम्दानीको स्रोतका रूपमा विकास गर्ने उद्देश्यले चालु आर्थिक वर्षको बजेटमा बजेट विनियोजन गरिएको जानकारी दिए ।

मुख्यमन्त्री आचार्यले डिभिजन वन कार्यालय अर्घाखाँचीले सञ्चालनमा ल्याएको बृहत् वृक्षारोपण अभियानले जिल्लाको वातावरणमा सकारात्मक प्रभाव पारिरहेको भन्दै रोपिएका बिरुवाको संरक्षणमा विशेष ध्यान दिन कर्मचारीहरूलाई निर्देशन दिए । उनले भने, 'हामीले लगाएका बिरुवाहरू संरक्षित हुनु अत्यन्त जरुरी छ । वनमा खेर जाने पातपतिंगर र झार संकलन गरेर प्राङ्गारिक मल उत्पादनमा प्रयोग गर्न सकिन्छ, अर्घाखाँचीमा यसको सुरुवात भइसकेको छ, यसलाई निरन्तरता दिन प्रदेश सरकारले पूर्ण सहयोग गर्नेछ ।'

उनले वन क्षेत्रलाई संरक्षणको दृष्टिकोणमा मात्र सीमित नराखी रोजगारी, उद्यमशीलता र आम्दानीको स्रोतका रूपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याए। साथै, सामुदायिक वनहरूलाई प्राङ्गारिक मल उत्पादनमा सक्रिय बनाइ कृषि क्षेत्रसँग जोड्न सकिने भन्दै अर्गानिक खेती अभियानमा टेवा पुऱ्याउने कार्यक्रम अघि बढाउन निर्देशन पनि दिए ।

डिभिजन वन कार्यालय अर्घाखाँचीका सहायक वन अधिकृत केशर खड्काका अनुसार चालु आर्थिक वर्षमा जिल्लामा ६३ हेक्टर क्षेत्रमा वृक्षारोपण गर्ने लक्ष्य लिइएको छ। साउन १४ गतेसम्मका लागि अभियान सञ्चालन गरिनेछ । हालसम्म टिमुरका २० हजार ५ सय र तेजपातका १२ हजार ९ सय बिरुवा रोपिएको छ ।

डिभिजन वन कार्यालयका प्रमुख मोहन प्रसाद श्रेष्ठले जिल्लाभित्र ६ वटा नर्सरीमा १ लाख ६३ हजार वर्षे तथा बहुवर्षे बिरुवा तयारी अवस्थामा रहेको जानकारी दिए । उनले तेजपात र टिमुरको विशेष खेती विस्तारको अभियानसमेत सुरू गरिएको बताए । कम्तीमा ५ सय बिरुवा माग गर्ने उपभोक्ताका लागि निःशुल्क ढुवानी सेवा र रोपाइँमा सहजीकरणको व्यवस्था गरिएको छ।

बिरुवा रोपिएका क्षेत्रहरूको प्रभावकारी अनुगमनका लागि जिपीएस लोकेशन प्रणालीमार्फत निगरानी गरिने पनि श्रेष्ठले जानकारी दिए । अनुगमन कार्यक्रममा सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठ, भू तथा जलाधार कार्यालयका प्रमुख शम्भु झा, वरिष्ठ वन अधिकृत गणेश चौधरी, सन्धिखर्क सब-डिभिजन प्रमुख दशराम चौधरीसहित अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# दूतावास कतारका प्रथम सचिवलाई पाँच दर्जन संस्थाद्वारा सम्मानसहित बिदाइ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २१ असार



नेपाली दूतावास कतार मा कार्यरत प्रथम सचिव कृष्ण कुमार सुवेदीलाई भव्य सम्मानसहित बिदाइ गरिएको छ । पदोन्नति भएर नेपाल फर्कन लागेका सुवेदीलाई गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) समन्वय तथा कतारमा स्थापित करिब पाँच दर्जन संघसंस्थाको संयुक्त आयोजनामा आयोजित कार्यक्रममार्फत सुवेदीलाई शुक्रबार साँझ संयुक्त रूपमा बिदाइ गरिएको हो ।

मुन्तजामा रहेको गोर खाली रेस्टुरेन्टको सभा हलमा एनसीसी कतारका अध्यक्ष रमेश भट्टको सभाध्यक्षता तथा सचिव सुवेदीकै प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सुवेदीलाई आयोजक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुले खादा ओढाएर सम्मान गरेका थिए । सुवेदीलाई संयुक्त रूपमा दोसल्ला ओढाएर सम्मान पत्र र मायाको चिनोले सम्मानित गरिएको थियो ।

निजामती कर्मचारीका रूपमा २०५९ कात्तिक ७ गतेदेखि प्रवेश गरेका सुवेदी कतारको दूतावासमा २०७९ माघ २७ गतेदेखि प्रथम सचिव, प्रशासन प्रमुख तथा प्रवक्ताका रूपमा कार्यरत थिए ।

नेपाली श्रमिकले निकै रुचाइएका सुवेदीले कार्यक्रममा बोल्दै आफू निजामती कर्मचारी र साहित्यकार भन्दा सबैको साथी बनेको महसुस गरेको बताए । कतारको एनसीसीमा देखिएको विखण्डनलाई लक्षित गर्दै उनले आफू नेपाल फर्कँदै गर्दा आफ्नै घरको परिवारका सदस्यलाई बिदाइ गर्दै गर्दा पनि कतारमा आफूले देखेका, चिनेका, चाहेका व्यक्ति नपाएकोमा दुःख व्यक्त गरे । १७ वटा किताब लेखेका र १५ वटा विभिन्न पुरस्कार प्राप्त गरेका सुवेदीले कतारका ३ लाख ६६ हजार नेपालीहरूमा सुनाखरी फुलाउन बाँकी रहेको हुँदा कतारमा जुँगाको लडाइँले अपूर्ण रहने होकी भन्ने चिन्ता व्यक्त गरे ।

आफ्नो निजामती जीवनका धेरै उतारचढावका किस्साहरू सुनाउँदै उनले आफू विश्वका विभिन्न देशमा पुग्दा आफू ती देशमा रहेका विभिन्न वैचारिक संगठनले आफ्ना सदस्य भनेर व्याख्या गर्ने गरेको स्मरण गर्दै आफू साझा कर्मचारी मात्र रहेको बताए ।

कतारमा केही नेपालीले गलत कार्य गर्दा नेपाली समाज समेत धुमिल हुने गरेकोतर्फ सचेत गराउँदै कतारका नेपाली नेता बन्न नसकेको बताए ।

उनले कतारमा नेपालीका समस्या समाधान गर्न एनसीसी कतार नेपाली समाजका विकृति विसङ्गति अन्त्य गर्न र श्रमिकका समस्या समाधानमा डटेर लागेको आफूले पाएको बताउँदै प्रशंसा गरेका थिए ।

आयोजक संस्थाका तर्फबाट नेपाली महिला समाज कतारका अध्यक्ष माया केसीले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई एनसीसी कतारका महासचिव रविन मगरले सहजीकरण गरेका थिए । बिदाइ तथा सम्मान कार्यक्रमको समापन गर्दै सभाध्यक्ष भट्टले कतारमा रहेका एनसीसीका तीन समूहलाई मिलाउन आफूले गरेको त्यागको अवमूल्यन गरेको बताए । नयाँ तदर्थ समिति निर्माण गरेर नेपाली दूतावासमा बद्री केसी समूहले बुझाएको खुलासा गर्दै आफूलाई असक्षम घोषणा गर्नेहरू कसरी सक्षम भए भनेर उनले प्रतिप्रश्न गरेका थिए ।

# सेती नदी तटीय क्षेत्रमा साइरन जडान



**तनहुँ/मस-** तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाद्वारा सेतीनदी तटीय क्षेत्रका बासिन्दालाई प्राकृतिक विपद्बाट बचाउन बाढीसम्बन्धी सूचना दिने साइरन जडान गरेको छ ।

सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत आयोजनाको बाँध र सोबाट तल्लो तटीय क्षेत्रमा पानीको सतहमा आउनसक्ने उतारचढावका विषयमा अग्रीम सूचना दिन साइरन जडान गरिएको हो ।

नदी सुरक्षा व्यवस्थापन योजनाअन्तर्गत सेती नदीमा निर्माणाधीन बाँधस्थलभन्दा तल्लो तटीय क्षेत्र सेतीनदी क्षेत्रका बासिन्दालाई बाढीजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी सचेतना कार्यक्रम गरिएको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले बताए ।

उनले भने, 'बाँध सुरक्षा, मुख्य बाँध निर्माणस्थलभन्दा माथिल्लो तटीय क्षेत्रमा निर्माण गरिएको अस्थायी बाँध, त्यसबाट तल्लो तटीय क्षेत्रमा हुने नदीको बहावमा हुनसक्ने फेरबदलका बारेमा नदी सुरक्षा विज्ञबाट प्रशिक्षण प्रदान गरिएको छ ।'

वर्षायाम सुरु भएसँगै सेती नदी वरपरका बासिन्दालाई साइरन बज्दाको समयमा नदीभित्र वा नदी किनारबाट टाढा बस्न र किनार नजिक नजान सचेत गराइएको आयोजना प्रमुख भण्डारीले बताए ।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको व्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ।

जसका लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाईका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार-नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

कम्पनीले आयोजननाबाट विद्युत् उत्पादनपछि प्राप्त हुने बहाव र सेती नदीको पानीलाई प्रयोग गरी तल्लो तटीय क्षेत्रमा १२६ मेगावाटको तल्लो सेती जलविद्युत् आयोजना विकास प्रक्रिया अगाडि बढाएको जनाएको छ ।

आयोजनाबाट विद्युत् उत्पादन सुरु भएको पहिलो १० वर्षसम्म वार्षिक औसत विद्युत् उत्पादन ५८ करोड ७७ लाख र त्यसपछि ४८ करोड ९९ लाख युनिट उत्पादन हुने अनुमान गरिएको छ ।

# नवलपरासीमा सवारी दुर्घटना हुँदा २ जनाको मृत्यु



**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २१ असार

पश्चिम नवलपरासीको पाल्हिनन्दन गाउँपालिका-१ झरहीखोलास्थित महेशपुर-भुजहवा भित्री सडकखण्डमा शनिबार दिउँसो भएको सवारी दुर्घटनामा २ जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार दिउँसो लु २ ख ६५४ नम्बरको बसले ओभरटेक गर्ने क्रममा लु ४७ प ४८७९ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा दुई जना गम्भीर घाइते भएका थिए । दुर्घटनामा परी प्रतापपुर गाउँपालिका-४, पाँचपेडाका २० वर्षीय भोला राजभर र रामग्राम नगरपालिका-१५, डिगवलका २१ वर्षीय राहुल राजभर गम्भीर घाइते भएका थिए ।

दुवै घाइतेलाई तत्काल उपचारका लागि जिल्ला अस्पताल, परासी लगिएको भएपनि उपचारकै क्रममा दिउँसो साढे २ बजे चिकित्सकले मृत घोषणा गरेका थिए। घटनामा संलग्न बस चालक रामग्राम नगरपालिका-४, इम्लीटोलका ३१ वर्षीय सदाम अली अन्सारीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डीएसपी) वीर दत्त पन्तले जानकारी दिए ।


## रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**झुम्का, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

### रामधुनी नगरपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का आव्हानको सूचना

**(दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/२२ गते)**

रामधुनी नगरपालिकाद्वारा आ.व. २०८२/८३ का लागि आर्थिक ऐन २०८० को दफा ९, प्रचलित कानून तथा रामधुनी नगरपालिका राजस्व परामर्श समितिको निर्णयानुसार आन्तरिक आय ठेक्काहरू बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले तपसिलका शर्त बन्देजको अधिनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि प्रथम पटक मिति २०८२/०३/१३ को मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्युनतम वार्षिक ठेक्का अंक रु मु.अ.क.सहित | बोलपत्र फारम दस्तुर रु | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | RMD/BOLPATRA/ ०८२/८३ (राजस्व) | शनिवार,वुधवार साप्ताहिक हाट र गुद्री (रामधुनी १ र ५) | २०८३ असार मसान्त सम्म | रु.२५०५०००/- | ३०००/- | २०८२/०४/१० को कार्यालय समय भित्र | २०८२/०४/११ गते दिउसो १२: ०० बजेको समय | २०८२/०४/११ गते दिउसो २: ०० बजेको समय |

**शर्तहरुः**

१. बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस सूचनामा तोकिएको मिति र समय भित्र यस नगरपालिकाको राजस्व प्रशासन शाखाबाट खरिद गर्नुपर्नेछ ।
२. बोलपत्र साथ कबोल गरेको अङ्कको ५% ले हुन आउने रकम जमानत बापत यस कार्यालयको नाममा रहेको एन. आई. सी. एसिया बैंक लि. झुम्का शाखाको धरौटी खाता नं. ०८९२०५००२७९०८०१५ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त "क" वर्गको वाणिज्य बैंकबाट कम्तिमा ९० दिन म्याद कायम रहेको बैंक जमानत पत्र संलग्न राखी तोकिएको मिति र समय भित्र यस कार्यालयमा दरखास्त पेश गर्न सकिनेछ ।
३. बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट उल्लिखित कार्यहरु गरिनेछ ।
४. छुट्टा-छुट्टै विषयको बोलपत्र फारम छुट्टा-छुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम र छाप स्पष्ट लेखी यस कार्यालयको नाम उल्लेख गरि पेश गर्नु पर्नेछ ।
५. रीतपूर्वक दाखिला भएको बोलपत्र तोकिएको मिति र समयमा यसै कार्यालयमा कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
६. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन ।
७. बोलपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजस्व कार्यालयमा फर्म दर्ता भई आ.व. २०८०।८१ को कर चुक्ता भएको प्रतिलिपि, फर्म नवीकरण भएको प्रतिलिपि, व्यवसाय दर्ता नविकरण भएको प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्नेछ ।
८. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैले बुझाउनु पर्नेछ ।
९. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात) दिन भित्र नियमानुसार सम्झौता गर्न उपस्थिति हुनु पर्नेछ ।
१०. नेपाल सरकारले जारी गरेको निशेधाज्ञाको बखतमा ठेक्का सञ्चालन नभएमा सो समय हिसाब गरी ठेक्का रकम दामासाहीले घटाइनेछ ।
११. कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ बुझाएमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ र कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ नबुझाएको अवस्थामा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई ३ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता भएको बखतमा दोस्रो किस्ता २०८२ कात्तिक मसान्त भित्र र अन्तिम किस्ता २०८२ फाल्गुण मसान्त भित्र दाखिला गर्नु पर्नेछ। किस्ता रकम ठेक्का सम्झौता गर्दा नै बुझाई बाँकी रकमको हकमा २०८२ असार मसान्तसम्म म्याद कायम रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।
१२. तोकिएको अवधि भित्र किस्ता नबुझाएमा नियमानुसार हर्जना बुझाउनु पर्नेछ ।
१३. ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्ने ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैंक ग्यारेण्टीबाट असुल गर्न बाँकी रकम असुल उपर गरिनेछ ।
१४. ठेकेदारले आय सङ्कलनका लागि लिएको ठेक्का नगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाइने छैन । बढी लिएको पाइएमा वा लिएको ठहरेमा ठेकेदारलाई जरिवाना असुल गरी कानून बमोजिम कारबाही गर्न सकिनेछ ।
१५. ठेक्का सञ्चालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कानूनी कारवाही गरिनेछ ।
१६. कर, शुल्क, दस्तुर असुल गर्ने प्रयोजनका लागि नगरपालिका कार्यालयले तोकेको ढाँचाको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई नगरपालिकामा अभिलेख प्रमाणित गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइने छ ।
१७. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी प्रचिलित ऐन नियमानुसार त्यो भन्दा लगत्तै पछिल्लो बढी कबोल गर्नेसँग सम्झौता गरिनेछ ।
१८. विगतमा नगरपालिकाले लगाएको ठेक्का लिई कबोल अंक चुक्ता नगरेको ठेकेदारबाट ठेक्का बक्यौता रकम चुक्ता नभएमा निजबाट दाखिला हुन आउने ठेक्का स्वीकृत गरिने छैन ।
१९. कुनै पनि चिट्ठी, तार टेलिफोन, फ्याक्सबाट आएको पत्रलाई मान्यता दिइने छैन ।
२०. यस ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र उक्त निर्णय दुवै पक्षलाई मान्य हुनेछ ।
२१. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
२२. नेपाल सरकार अदालत र यस कार्यालयको आदेश, निर्देशन र निर्णयको अक्षरस पालना गर्नु पर्नेछ ।
२३. कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस कार्यालयको राजस्व प्रशासन शाखामा आई बिश्रृत विवरण बुझ्न सकिनेछ ।
२४. कर दस्तुर शुल्क संकलनको दररेट सहितको सूची ठेक्का सम्झौता गर्दा उपलब्ध गराइनेछ । उक्त सूचीको बोर्ड सम्झौता अवधीभर सबैले देख्ने ठाउँमा राखी सूचीमा उल्लिखित दररेट अनुसार मात्र शुल्क उठाउन पाइनेछ ।
२५. यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

मध्यान्ह
www.madhyanhadaily.com
२२ असार २०८२ आइतबार
6 July 2025, Sunday

मण्डला थियटरमा 'हराएको कुकुर'

# संरचनागत अन्यायलाई प्रश्न गर्ने गहिरो प्रस्तुति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असार ।

सामाजिक तथा राजनीतिक विमर्शका रूपमा तयार पारिएको नेपाली कथानक नाटक 'हराएको कुकुर' शनिबारदेखि मञ्चन सुरु भएको छ। पछिल्लो समय रङ्गमञ्चलाई मियो बनाइरहेका खोटाङे कलाकार मणि कुलुङ राईको कथा/निर्देशनमा तयार पारिएको नाटक 'हराएको कुकुर' आउँदो साउन ४ गतेसम्म मण्डला थिएटरमा मञ्चन हुनेछ ।



खोटाङको रावाबेँसी गाउँपालिका-४ हौँचुरमा जन्मिएर काठमाडौंलाई कर्मथलो बनाएर रङ्गकर्मीका रूपमा क्रियाशील कलाकार कुलुङद्वारा निर्देशित नाटक 'हराएको कुकुर' सोमबारबाहेक हरेक दिन ४ बजेदेखि मञ्चन हुने बताइएको छ । शुक्रबार, शनिबार र आइतबार भने मध्याह्न १२ बजेदेखि पनि मञ्चन गर्ने तयारी गरिएको निर्देशक कुलुङले बताए ।

'नाटकले राज्य संरचनामा व्याप्त अन्याय, अनुसन्धान प्रणालीमा पक्षपात र नागरिक आवाजमाथिको दमन जस्ता विषय उजागर गर्नेछ । 'हराएको कुकुर' राज्यद्वारा हराइएको सत्यको प्रतीक हो', उनले भने, 'यो नाटक एउटा सरल खोजीको कथा मात्र होइन । यो सत्ताको आलोचना गर्ने, नागरिक चेतनालाई झकझक्याउने र संरचनागत अन्यायलाई प्रश्न गर्ने एक गहिरो नाट्य प्रस्तुति हो ।' 'हराएको कुकुर' एउटा रूपकात्मक नाटक भएको निर्देशक कुलुङले बताए । 'कुकुर हराएको सामान्य घटनाबाट सुरु हुने कथा क्रमशः एउटा गम्भीर सामाजिक तथा राजनीतिक विमर्शमा रूपान्तरण हुन्छ । नाटकको उत्कर्षमा हराएको कुकुर भेटिन्छ', उनले भने, 'जुन दृश्यले एउटा समाधान प्रस्तुत गरे जस्तो देखिए पनि नाटकका मूल प्रश्नहरू अझै अनुत्तरित रहन्छन् । यो नाटकले धेरै दर्शकको मन जित्ने विश्वास लिएका छौं ।'

# सुशीलाले ल्याइन् 'तीज आयो साथी संगी'




**काठमाडौं/मस-** नेपाली महिलाहरूको महान् पर्व तीजलाई लक्षितगरी गीत सार्वजनिक भइरहेका छन् । यही मेसोमा सुशीला बस्नेत तिमिल्सिनाको स्वरमा रहेको गीत 'तीज आयो साथी संगी' सार्वजनिक भएको छ।

अमेरिकाको बोस्टन निवासी गायिका सुशीला नेपाल बाहिर भए पनि गीत संगीत क्षेत्रमा सक्रिय रहँदै आएकी छन्। गीतको भिडियो सुशीला बस्नेत तिमिल्सिनाको युट्युब च्यानलमार्फत् सार्वजनिक गरिएको हो ।

नेपाली मौलिक शैलीमा तयार गरिएको यस गीतमा रावल जनकको शब्द र संगीत, सन्दीप कार्कीको एरेञ्ज र अडियो मिक्सिङमा विष्णु मानन्धर तथा मनोज परियारको छ । रेकर्डिङ नेपालका विक्रम थापा र अमेरिकाका ॐ कर्माचार्यले गरेका छन् । भिडियो निर्देशन केशवराज भट्टले गरेका छन् भने जुना कार्की र नित्या शर्मा आचार्यको नृत्य रहेको छ ।

# आयो अर्जुन पन्तको 'चेलीको वेदना दिदीभाइ ४'




**काठमाडौं/मस-** तीज पर्वलाई लक्षित गर्दै अर्जुन पन्तको प्रस्तुति तथा निर्देशनमा तयार पारिएको तिज गीत 'चेलीको वेदना दिदीभाइ ४' सार्वजनिक गरिएको छ ।

गीतले तीजको सांस्कृतिक पक्ष मात्र होइन, छोरीको पीडा र भावनात्मक सम्बन्धलाई कलात्मक रूपमा उजागर गर्ने प्रयास गरेको छ ।

कृष्ण कँडेलको मार्मिक शब्दमा आधारित यस गीतमा शोभा परियार र कृष्ण कँडेलकै आवाज सुन्न सकिन्छ । गीतको संगीत अर्जुन पन्तले भरेका हुन् भने तेजेन्द्र दुबाले संगीत संयोजन, कृष्ण लमिछानेले मिक्सिङ तथा मास्टरिङ गरेका छन् ।

दिवस थापा मगरले गीतको रेकर्डिङ गरेका हुन् । अडियो रेकर्डिङ पोखराको बाँसुरी डिजिटल र काठमाडौंको सुर साधना स्टुडियोमा गरिएको हो । अडियो-भिडियो व्यवस्थापन अञ्जना डिजिटलले सम्हालेको छ। भिडियोको निर्देशन पनि अर्जुन पन्तकै रहेको छ ।

भिडियोमा अर्जुन पन्तसँगै लक्ष्मी घिमिरे, कृष्ण कँडेल, थानेश्वरी उपाध्याय, अर्पण परियार, अमृत परियार, सभ्यता र समृद्धिको अभिनय देख्न सकिन्छ। छायांकन विजय गौडेल र सुरेश रेग्मीले गरेका हुन् भने सम्पादन तथा रङ संयोजन सुसिल डाँगीले गरेका छन् ।

गीतले विशेषगरी माइतीबाट टाढा परेकी छोरीको मनस्थिति, सम्झना, प्रेम र पीडालाई प्रभावशाली ढंगले प्रस्तुत गरेको छ। पारिवारिक सन्देश, लोकसंगीतको मिठास र सामाजिक यथार्थको संयोजनले गीतलाई अझ सशक्त बनाएको छ ।

'यो मन त मेरो नेपाली हो'को शीर्ष गीत सार्वजनिक

काठमाडौं मस-असार २७ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'यो मन त मेरो नेपाली हो'को शीर्ष गीत सार्वजनिक गरिएको छ ।

देशभक्ति भावनाको कथावस्तु समेटिएको गीतमा चलचित्रका मुख्य कलाकार विजय बराल, रोशन श्रेष्ठ, विल्सनविक्रम राई,आयुशा समाल, बुद्धि तामाङ, मित्र प्रधान लगायतको अभिनय छ ।

जरसिंह पौवास्थित साँगा चोकमा खिचिएको गीतमा विकास चौधरीको संगीत, शंकर अधिकारी घायलको शब्द र कमल रसाइलीको स्वर छ । गीतले चलचित्रको कथावस्तु दर्साउँछ । कविराज गहतराजको नृत्य रहेको गीतमा २०० जति राष्ट्रिय झण्डाको प्रयोग गरिएको छ ।

पद्यमा इश्वर इन्टरटेन्मेन्ट प्रालिको प्रस्तुतिमा मित्र प्रधान प्रस्तुतकर्ता रहेको चलचित्र 'यो मन त मेरो नेपाली हो' लाई ज्ञान बहादुर प्रधान (रोशन) ले निर्माण गरेका हुन् । चलचित्रमा नारायण खाती, भुपेन्द्र लिङ्देन "मन्त्री", सुबास भन्डारी, विजय सुब्बा, विजिता परियार, देवराज राजबन्शी, भानुभक्त सिटौला लगायतको पनि अभिनय देख्न सकिन्छ । मित्र प्रधान (नर) को निर्देशन रहेको यस चलचित्रमा शिवम् अधिकारीको लेखन रहेको छ । सौरभ लामाको छायांकन, देव महर्जन द्वन्द्व, समिर मियाको भिएफएक्स, कविराज गहतराज र प्रमोद भण्डारीको कोरियोग्राफी रहेको चलचित्रको सम्पादक बनिश शाह तथा सिजिआई सत्यम रानाले गरेका हुन् ।

दिपक शर्मा, विकास चौधरी र थोरम्पो ह्यङ राईको चलचित्रमा संगीत छ । चलचित्रलाई आर आर फिल्मसले वितरण गर्दैछ ।

# 'मेरी बास्सै'की कलाकार लक्ष्मीको निधन



**काठमाडौं/मस-** लोकप्रिय हास्यश्रृंखला 'मेरी बास्सै'मा अप्सरा आमाको भूमिका निभाएकी कलाकार लक्ष्मी श्रेष्ठको निधन भएको छ ।

लामो समयदेखि स्तन क्यान्सरबाट पीडित श्रेष्ठको शुक्रबार राति घरमै निधन भएको हो । दसैँदेखि अस्वस्थ भएकी उनलाई चार महिनाअघि भक्तपुर क्यान्सर अस्पताल भर्ना गरिएको थियो। त्यसयता उनी काठमाडौँको कपन बालुवाखानीस्थित घरमै थलिएकी थिइन ।

श्रेष्ठको अन्त्येष्टि शनिबार पशुपति आर्यघाटमा गरिएको छ । अन्त्येष्टिअघि उनको पार्थिव शरीरमा नेपालको झन्डा ओढाइएको थियो। श्रेष्ठले २०५२ सालमा 'ट्वाक्क टुक्क'सँगै 'हिजो आजका कुरा' सिरियलबाट कलाकारिता यात्रा सुरु गरेकी थिइन् ।


## नबिल बैंक लिमिटेड, बौद्ध शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८२/०३/२२)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका र कमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०९/२५ को आर्थिक अभियान दैनिक**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको **सात (७)** दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुले को दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **बौद्ध शाखा, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

### तपसिल

**१**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४, बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०६३/७/१३ मा प्रा.फ.र.नं. ७६५१२/०६३/६४ स.पा.आ.नि अन्तर्गत दर्ता भएको **चन्द्रचुर्ण फर्निसिङ्ग ।**
ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ ।
**ऋणी फर्मका प्रोप्राइटरः**
लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २२०५ (जारी मिति २०५४/५/८, स्थान काठमाडौं) भएकी **प्रकृति सापकोटा ।**

**जमानतकर्ताको नाम र ठेगानाको विवरण**

लक्ष्मी प्रसाद दुलालकी नातिनि, शम्भु प्रसाद दुलालकी छोरी काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २७-०१-७१-१०१८५ (जारी मिति २०७१/१२/२२, स्थान काठमाडौं) भएकी **तन्वी दुलाल ।**

**२**

**ऋणीको नाम र ठेगानाको विवरण**

लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २२०५ (जारी मिति २०५४/५/८, स्थान काठमाडौं) भएकी **प्रकृति सापकोटा ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

लक्ष्मी प्रसाद दुलालकी नातिनि, शम्भु प्रसाद दुलालकी छोरी काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २७-०१-७१-१०१८५ (जारी मिति २०७१/१२/२२, स्थान काठमाडौं) भएकी **तन्वी दुलाल ।**

**३**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/१०/१५ मा दर्ता नं. २५४०५९/०७७/०७८ अन्तर्गत दर्ता भएको **चन्द्र सूर्य इन्टेरियर डिजाइन एण्ड होम डेकोर प्रा. लि. ।**
ठेगाना : काठमाडौं जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ६ ।

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २२०५ (जारी मिति २०५४/५/८, स्थान काठमाडौं) भएकी **प्रकृति सापकोटा ।**
२. गुमान सिंह तामाङको नाति कनक बहादुर तामाङको छोरा काभ्रे जिल्ला, महाँकाल न.पा. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ११५४९४ (जारी मिति २०५९/११/११, स्थान काभ्रे) भएका **संजय लामा ।**
३. हर्कमान लामाकी छोरी, कनक बहादुर तामाङकी बुहारी संजय लामाकी श्रीमति काभ्रेपलाञ्चोक जिल्ला, महांकाल चौर न.पा. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १३९९०६ (जारी मिति २०६२/३/६, स्थान काभ्रेपलाञ्चोक) भएकी **भगवती लामा ।**
४. लक्ष्मी नारायण सापकोटाको नाति लोकमणि सापकोटाको छोरा काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ४५६४० (जारी मिति २०६३/०९/२७, स्थान काठमाडौं) भएका **पर्जन्य सापकोटा ।**
५. लक्ष्मी प्रसाद दुलालकी नातिनि, शम्भु प्रसाद दुलालकी छोरी काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २७-०१-७१-१०१८५ (जारी मिति २०७१/१२/२२, स्थान काठमाडौं) भएकी **तन्वी दुलाल ।**

**४**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रार को कार्यालयमा मिति २०७५/११/१० मा दर्ता नं. २०९२८०/०७५/०७६ अन्तर्गत दर्ता भएको **ड्रिम इन्टरनेशनल ट्रेडिङ्ग प्रा. लि. ।**
ठेगाना : काठमाडौं जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ३० ।

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. गुमान सिंह तामाङको नाति कनक बहादुर तामाङको छोरा काभ्रे जिल्ला, महाँकाल न.पा. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ११५४९४ (जारी मिति २०५९/११/११, स्थान काभ्रे) भएका **संजय लामा ।**
२. लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी काठमाडौं जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १३९५८ (जारी मिति २०५९/१/२३, स्थान काठमाण्डौ) भएकी **परीक्षा सापकोटा ।**
३. हर्कमान लामाकी छोरी, कनक बहादुर तामाङकी बुहारी संजय लामाकी श्रीमति काभ्रेपलाञ्चोक जिल्ला, महांकाल चौर न.पा. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १३९९०६ (जारी मिति २०६२/३/६, स्थान काभ्रेपलाञ्चोक) भएकी **भगवती लामा ।**
४. लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २२०५ (जारी मिति २०५४/५/८, स्थान काठमाडौं) भएकी **प्रकृति सापकोटा ।**
५. दण्डपाणी भण्डारी शर्माको नाति टेकनाथ शर्माको छोरा काठमाडौं जिल्ला, वालुवा गा.प. वडा नं. २ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ३७५४/२६१४ (जारी मिति ०४५/१/१७, स्थान काठमाडौं) भएका **पुरुषोत्तम भण्डारी ।**

**धितोको विवरण**

१. **परीक्षा सापकोटा, प्रकृति सापकोटा** र **संजय लामा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला, सिपाडोल न.पा. वडा नं. ८, नक्सा सीट नं ८क मा अवस्थित कि.नं. १२५३, २५५३ र २५५१ क्षेत्रफल ०-१०-०-२, ०-२-२-२ र ०-३-०-३ रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. **परीक्षा सापकोटा, प्रकृति सापकोटा** र **संजय लामा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला, नगरकोट न.पा. वडा नं. ९, नक्सा सीट नं ९क मा अवस्थित कि.नं. ५८५ र ५८६ क्षेत्रफल १-०-०-० र ३-३-२-०.११ रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**सवारी साधन धितोको विवरणः**
**ड्रिम इन्टरनेशनल ट्रेडिङ्ग प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बाग्मती प्रदेश ०१ ०२६ च २६७१ भएको Mahindra Bolero.

**५**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०४/०३ मा दर्ता नं. १९३४३७/०७५/०७६ अन्तर्गत दर्ता भएको **डिलाईट बिजनेश ग्रुप प्रा. लि. ।**
ठेगाना : काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ८ ।

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २२०५ (जारी मिति २०५४/५/८, स्थान काठमाडौं) भएकी **प्रकृति सापकोटा ।**
२. लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी काठमाडौं जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १३९५८ (जारी मिति २०५९/१/२३, स्थान काठमाण्डौ) भएकी **परीक्षा सापकोटा ।**
३. गुमान सिंह तामाङको नाति कनक बहादुर तामाङको छोरा काभ्रे जिल्ला, महाँकाल न.पा. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ११५४९४ (जारी मिति २०५९/११/११, स्थान काभ्रे) भएका **संजय लामा ।**
४. धर्म बहादुर सुवेदीको नाति केशर बहादुर सुवेदीको छोरा मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. १ स्थायी घर भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ९९३/११३० (जारी मिति २०५१/७/३, स्थान मोरङ्ग) भएका **मोहन प्रसाद सुवेदी ।**
५. मित्र बहादुर बुढाथोकीकी छोरी, केशर बहादुर सुवेदीकी बुहारी मोहन प्रसाद सुवेदीकी श्रीमति मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ३५७४२९२६ (जारी मिति २०५७/०१/१४, स्थान मोरङ्ग) भएकी **सिता बुढाथोकी सुवेदी ।**

**धितोको विवरण**

मोरङ जिल्ला, उर्लाबारी न.पा. वडा नं. ४ बस्ने, **सिता बुढाथोकी सुवेदी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला, मधुमल्ल गा.वि.स. वडा नं. ५, नक्सा सीट नं ५घ मा अवस्थित कि.नं. २८२४, २८२६ र २८७५ क्षेत्रफल ०-३-७.७५, ०-१-९ र ०-१-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**६**

**ऋणीको नाम र ठेगानाको विवरण**

लक्ष्मी नारायण सापकोटाकी नातिनि, लोकमणि सापकोटाकी छोरी काठमाडौं जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ३ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १३९५८ (जारी मिति २०५९/१/२३, स्थान काठमाण्डौ) भएकी **परीक्षा सापकोटा ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

दण्डपाणी भण्डारी शर्माको नाति टेकनाथ शर्माको छोरा काठमाडौं जिल्ला, वालुवा गा.प. वडा नं. २ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ३७५४/२६१४ (जारी मिति ०४५/१/१७, स्थान काठमाडौं) भएका **पुरुषोत्तम भण्डारी ।**

**धितोको विवरण**

काठमाडौं जिल्ला, वालुवा गा.प. वडा नं. २ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३ बस्ने, **पुरुषोत्तम भण्डारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, वालुवा गा.वि.स. वडा नं. २, नक्सा सीट नं २क मा अवस्थित कि.नं. ३६३ क्षेत्रफल २-८-०-० रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **बौद्ध शाखा, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८२/०३/२९ गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **बौद्ध शाखा, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०३/३० गते ३:०० बजे बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **बौद्ध शाखा, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ४:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसंग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण र कम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **बौद्ध शाखा, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## इस्टजोन कप

# अपराजित रहँदै नेपाललाई दोस्रो पटक उपाधि

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असार ।

मलेसियामा सम्पन्न एसीसी यू-१६ इस्टजोन कप क्रिकेट प्रतियोगिताको उपाधि नेपालले जितेको छ ।

फाइनल खेलमा शनिबार सिंगापुरलाई २ विकेटले हराउँदै नेपालले यो प्रतियोगिताको उपाधि आफ्नो हात पारेको हो ।

सिंगापुरले दिएको ११४ रनको लक्ष्य नेपालले २९ ओभरमा ८ विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालका लागि जोय थापाले सर्वाधिक २४ रन बनाए । शिवांश बजगाईंले २०, शुभम खनालले १८, प्रशिद्ध जैशीले १७, परिमार्जन यादवले १३ र अभय यादवले १० रन जोडे ।

सिंगापुरका कपिश भेङ्कटरमणले ४ विकेट लिँदा यवान पाण्डेले २ र वेदांश गुप्ताले १ विकेट लिए ।

त्यसअघि टस जित्दै पहिले ब्याटिङ रोजेको सिंगापुर ४० दशमलव ५ ओभरमा अलआउट हुँदै ११३ रनमा समेटिएको थियो । सिंगापुरका लागि ओपनर रोहन अस्टीन अरुणले सर्वाधिक २३ रन बनाए ।



नेपाल यस प्रतियोगितामा अपराजित रहेर उपाधि जितेको हो । सिंगापुर समूह चरणमा पनि नेपालसँग पराजित भएको थियो ।

नेपालले यसअघि सन् २०२३ मा भएको इस्ट जोन कपको पनि उपाधि जितेको थियो । त्यसअघि एसीसीले यू-१६ इस्टर्न रिजनको नाममा प्रतियोगिता आयोजना गर्दै आएको थियो र नेपालले २०१७ र २०१९ मा पनि लगातार उपाधि जितेको थियो ।

**रौनक र विपिन सर्वोत्कृष्ट खेलाडी**

फाइनल खेलको प्लेयर अफ दि अभय यादव भएका छन् । खेलको २९ औँ ओभरको अन्तिम बलमा अभयले छक्का प्रहार गर्दै नेपाललाई उपाधि दिलाएका हुन् । यस्तै अभयले नेपालका लागि ३ विकेट लिए ।

यस्तै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी रौनक श्रीवास्तव घोषित भए । उनले प्रतियोगितामा एक शतक र एक अर्धशतकसहित २९६ रन बनाएका छन् । इन्डोनेसियासँगको खेलमा ८८ रन बनाएका उनले भुटानसँगको खेलमा १६८ रन बनाए। रौनकले बनाएको १६८ रन कुनैपनि नेपाली खेलाडीले बनाएको उच्च व्यक्तिगत स्कोर हो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भएका रौनक उत्कृष्ट ब्याटर पनि घोषित भए । उत्कृष्ट बलर नेपालका कप्तान विपिन प्रसाद शर्मा घोषित भए । उनले प्रतियोगिताका ६ खेलमा कुल १७ विकेट लिए । नेपालका अन्य खेलाडीले पनि उत्कृष्ट प्रदर्शन गरेका थिए ।

## लिभरपुलले जोटाको परिवारलाई करारको रकम भुक्तानी गर्ने



**काठमाडौं/मस-** इङ्लिस क्लब लिभरपुलले आफ्ना फुटबलर स्वर्गीय डिएगो जोटाको परिवारलाई करार अवधिभरको रकम भुक्तानी गर्ने भएको छ ।

सन् २०२२ मा लिभरपुलसँग पाँच वर्षको करार थपेका जोटाले प्रति हप्ता १४० हजार युरो पाउने गरी सम्झौता गरेका थिए । यो रकम वार्षिक लगभग ७.२ मिलियन युरो हुन आउँछ ।

क्लबले जोटाको परिवारलाई करिब १४.५ मिलियन युरो भुक्तानी गर्नेछ । जोटा र उनका भाइ आन्द्रेको बिहीबार बिहान स्पेनमा भएको कार दुर्घटनामा निधन भएको हो । जोटाको निधन उनको बाल्यकालकी प्रेमिका रुटे कार्डोसोसँगको विवाहको दुई हप्तापछि भएको हो ।

उनीहरूका तीन सन्तान छन् । पोर्चुगिजस्टार जोटा सन् २०२० मा वोल्भ्सबाट लिभर पुलमा अनुबन्धित भएका थिए र १८२ खेल खेल्दै ६५ गोल गरेका थिए । जोटाले लिभरपुलसँग गत सिजन प्रिमियर लिगको उपाधि जितेका थिए र यसअघि एफए कप र दुई लिग कप पनि जितेका थिए ।

# स्याङ्जाले जित्यो महिला टी-२० क्रिकेटको उपाधि




**पोखरा/मस**-स्याङजा जिल्लाले गण्डकी प्रदेश टी -२० महिला क्रिकेट प्रतियोगिताको उपाधि दोस्रो पटक जितेको छ । प्रादेशिक क्रिकेट सङ्घ गण्डकीको आयोजनामा जारी प्रतियोगिताको फाइनलमा शनिबार कास्की जिल्लालाई सात विकेटले हराउँदै लगातार दोस्रो उपाधि चुमेको हो । उपाधिसँगै स्याङजाले एक लाख रुपियाँ हात पारेको छ । उपविजेता कास्कीले ५० हजार रुपियाँ पायो ।

५७ रनको विजयी लक्ष्य पाएको स्याङजाले १०.३ ओभरमा तीन विकेट गुमाउँदै ६० रनका साथ लक्ष्य पुरा गरेको हो । स्याङजाका लागि सिमाना केसीले १७ रनको अविजित पारी खेलिन् ।

कुशुम गोदार ११ रनमा अविजित रहनुभयो । बलिङमा कास्कीका लागि रचना चौधरी र यशोदा भुजेलले एक एक विकेट लिइन् । यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको कास्कीले १६ ओभरमा अलआउट हुँदै ५६ रनमात्रै जोडेको थियो । कास्कीका लागि रेखा तामाङले २४ र रचना चौधरीले १४रन बनाइन् ।अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । बलिङमा स्याङ्जाका अपेक्षा बुढाथोकीले सर्वाधिक चार विकेट लिइन् । सिमाना केसीले तीन विकेट लिइन् ।

स्याङजाकी सिमाना केसी सर्वोत्कृष्ट खेलाडी घोषित भइन् । उनले खेलको वुमन अफ दी म्याचसँगै उत्कृष्ट बलर पनि बनिन् । कास्कीकी सिर्जना पौडेल उत्कृष्ट ब्याटर र सोनिमा पुनमगर उदियमान खेलाडी घोषित भइन् । चार दिनसम्म चलेको प्रतियोगितामा स्याङ्जा, कास्की, नवलपुर र पर्वतको सहभागिता रहेको थियो ।

## भारतको बंगलादेश भ्रमण अनिश्चित




**काठमाडौं/मस**-भारतले यस वर्ष सीमित ओभरको सिरिजका लागि गर्ने भनिएको बंगलादेशको भ्रमण अनिश्चित बनेको छ ।

दुई देशबीचको जारी राजनीतिक मतभेदका कारण भारतको भ्रमण अनिश्चित बनेको हो । सरकारले भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बिसिसिआई) लाई यो भ्रमणमा नजान सल्लाह दिएको छ । तर बिसिसिआईले यस विषयमा अहिलेसम्म कुनै निर्णय गरेको छैन ।

यदि यस्तो भयो भने भारतीय टोलीको बंगलादेश भ्रमण रद्द हुन सक्ने सम्भावना छ । भारतका एक खेल अधिकारीले भने, 'बंगलादेशको राजनीतिक अवस्था स्थिर छैन र कूटनीतिक गतिरोधलाई ध्यानमा राख्दै भारत सरकारले बिसिसिआईलाई यो भ्रमण अगाडि नबढाउन सल्लाह दिएको छ ।'

यद्यपि, बिसिसिआईले हाल भ्रमणको बारेमा कुनै आधिकारिक जानकारी खुलासा नगरेको पनि उनले बताए ।

भारत र बंगलादेशबीच ३ एकदिवसीय र ३ टी २० खेल्ने तालिका छ । यी खेलहरू १७-३१ अगस्तसम्म खेल्ने तालिका सार्वजनिक भएको छ ।

## विराटनगर किंग्सले गऱ्यो ६ खेलाडी रिटेन

काठमाडौं/मस-नेपाल प्रिमियर लिग (एनपीएल) टोली विराटनगर किंग्सले दोस्रो संस्करणका लागि रिटेन्सन (निरन्तरता) खेलाडीको सूची जारी गरेको छ । शनिवार विराटनगरले आगामी संस्करणमा पनि आफ्ना लागि खेल्ने ६ खेलाडीको नाम सार्वजनिक गरेको हो ।

रिटेन गरिएका खेलाडीमा पहिलो सिजनका 'मार्की' सन्दीप लामिछाने, लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, नरेन भट्ट र सुवास भण्डारी छन् । विराटनगरले पहिलो सिजनमा राम्रो प्रदर्शन भने गर्न सकेको थिएन । उसले ७ खेलमा २ जित मात्र निकालेर ८ टिममध्ये सातौं स्थानमा चित्त बुझाएको थियो । अब उसले आगामी सिजनका लागि बाँकी खेलाडी अगस्टमा हुने मिनी अक्सनबाट लिने छ ।

**बागमती प्रदेश रामेछाप जिल्ला जन्खिटार - महादेवटार धुले पीपल वडा कार्यालय-पोखरीडाँडा सडकमा पर्ने बफर खोला पुल (२० मिटर) प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मिति : २०८२/०३/२२)**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | बागमती प्रदेश सरकार<br>भौतिक पूर्वाधार विकास मन्त्रालय<br>यातायात पूर्वाधार निर्देशनालय<br>**पूर्वाधार विकास कार्यालय, रामेछाप**<br>फोन नं: ०४८-५४०७११/१२, ईमेल: ido.ramechhap@gmail.com |
| प्रस्तावको व्यहोरा | बागमती प्रदेश रामेछाप जिल्ला जन्खिटार-महादेवटार धुले पीपल वडा कार्यालय-पोखरीडाँडा सडकमा पर्ने बफर खोलामा पुलको निर्माण<br>**प्रस्ताव बारे सामान्य जानकारी :** लम्बाई २० मिटर, चौडाई : ८.४ मिटर, स्पान अरेन्जमेन्ट : १*१८, carriageway : ६.० मिटर, Type of Superstructure : Cast in Situ, 3 Webbed Reinforced Concrete Slab Deck<br>कुल लागत : ने.रु. ४,०२,७७,८४६.३१ |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा. | रामेछाप जिल्ला/मन्थली नगरपालिका, वडा नं ०८ र १० |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन (BES) सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न रामेछाप जिल्ला, मन्थली नगरपालिका वडा नं ०८ र १० तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको यो सूचना जारी गरिएको छ । यस सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सूचना टाँस भएको स्थान वा भौतिक पूर्वाधार विकास मन्त्रालय (बागमती प्रदेश) वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलव्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| बागमती प्रदेश सरकार<br>भौतिक पूर्वाधार विकास मन्त्रालय<br>यातायात पूर्वाधार निर्देशनालय<br>**पूर्वाधार विकास कार्यालय, रामेछाप**<br>फोन नं: ०४८-५४०७११/१२,<br>ईमेल: ido.ramechhap@gmail.com | वास्तुशिल्प आर्किटेक्स एण्ड विल्डर्स प्रा.लि.<br>कलंकी, काठमाडौं -१३, काठमाडौं<br>फोन नं : ९८५७०८५९५९,<br>ईमेल : vastu.shilpa78@gmail.com |

**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Urban Development and Building Office**
**Koshi Province, Okhaldhunga, Nepal**

**Invitation For Bid (IFB)**

**Notice No:07/081/082**
**DATE OF PUBLICATION : 2082-03-22 B.S (2025-07-06 A.D)**

1. Urban Development and Building Office, Okhaldhunga, invites electronic bids from eligible bidders for following works under National Competitive Bidding, Some of the qualification criteria are mentioned below through details in the bidding document.

| SN | Contract Identification NO. | Description of works | Bidding procedure | Key Qualification without vat | | | Bidding document cost (NRs) | Bid Security Amount (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | Bid Capacity | Specific nature of similar work experience | Annual Average Turnover | | |
| 1 | UDBO/ OKHAL /W/NCB/ 52/081-082 | Construction of Patrakar Mahasangha Building Diktel Rupakot Mujhuwagadhi-02, Khotang | Double Envelope | 2,20,00,000.00 | 1,32,00,000.00 | 2,20,00,000.00 | 5,000.00 | 6,60,000.00 |

2. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/eng or before 2082/04/20. For further information regarding these Bidding contact to UDBO Office,Okhaldhunga **Telephone:- 037-520103 Email address:- udbookhaldhunga@gmail.com**

Office Chief
Urban Development And Building office, Okhaldhunga

**विराटनगर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विराटनगर, मोरङ, कोशी प्रदेश, नेपाल**

**जनहितका लागि जारी सन्देश**

- बहुविवाह, जबरजस्ती करणी, यौन दुर्व्यवहार, लिङ्ग पहिचान पछि हुने गर्भपतन, घरेलु हिंसा, मानव बेचविखन तथा ओसार-पसार लगायतका अपराध दण्डनीय अपराध हुन् यस्तो अपराध हुनबाट बचौं र बचाऔं ।
- राजनैतिक, आर्थिक, सामाजिक सुरक्षा, रोजगारी तथा व्यवसायमा कुनैपनि आधारमा विभेद गर्न हुँदैन ।
- ज्येष्ठ नागरिक जिउँदा इतिहास हुन्, त्यसैले उनीहरूका कुरा सुनौं, सम्मान गरौं र असल समाजको निर्माण गरौं ।
- उमेर नपुगी हुने विवाहले केटाकेटीमा शारीरिक, मानसिक, आर्थिक लगायतका क्षेत्रमा परिपक्व नहुने भएकोले बाल विवाह नगरौं/नगराऔं, बालविवाह कानूनी अपराध हो ।
- कुनैपनि जातजाति, लिङ्ग, भाषा, वर्ग, धर्म र अपाङ्गताका आधारमा विभेदपूर्ण व्यवहार गर्नु गैर कानूनी कार्य हो त्यसैले यस्तो अपराधजन्य कार्य नगरौं/नगराऔं ।
- आफ्नो वरपरको सार्वजनिक स्थल नदि एवम् खोला नालाहरूलाई फोहोर विसर्जन स्थलको रूपमा प्रयोग नगरौं/नगराऔं साथै आ-आफ्नो टोल/समाजमा कम्तिमा हप्ताको एकपटक नियमित रूपमा सफा गर्ने नियम बनाई कार्यान्वयन गरौं ।
- धुम्रपान र मद्यपान आफू पनि नगरौं र अरूलाई पनि नगर्न प्रेरित गरौं साथै लागूजन्य पदार्थबाट आफ्ना बालबालिकालाई परै राखौं ।

**Qatar मा रोजगार** Shubhakamana Salon
पुर्व स्वीकृती मिति: २०८२/०३/१९ चलानी नं. ६०२४०६९७ LT No.: 326638

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cashier | 0 | 1 | काममा दक्ष | 1300 | ४८,५८२।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Driver | 1 | 0 | | 1500 | ५६,००१।- | | | | | | | |
| ३. | Hair Beautician | 1 | 0 | | 2500 | ९३,४२७।- | | | | | | | |
| ४. | Manager /General Manager | 1 | 0 | | 5700 | २,१३,००१।- | | | | | | | |
| ५. | Men\'S Barber | 1 | 0 | | 1500 | ५६,००१।- | | | | | | | |
| ६. | Salesman/Marketing | 0 | 1 | | 2500 | ९३,४२७।- | | | | | | | |

अन्तरवार्ता २०८२ असार २९ गते (13 July, 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL: gulfstaroverseas.com

**कतारमा रोजगार** कम्पनी: EMERALD GROUP SERVICES शहर : QATAR
पूर्व स्वीकृत मिति: २०८२/०३/२१ चलानी नं.: ६०२४०६६८ LT. No.: 326741

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४८,६३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Dry Cleaning Worker | 3 | 0 | | 1300 | ४८,६३३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २९ गते (13 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

S.S.K. Manpower Services Pvt. Ltd.
साबिक: GOOD LUCK MANPOWER Services Pvt. Ltd.
Sinamangal 9, Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977 1 5915260 I E-mail: goodluckmanpower022@gmail.com
Gov. Lic No. 1561/079/080

आर्थिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०
२२ असार २०८२ आइतबार
6 July 2025, Sunday

# 'ऐन कानुन परिवर्तनले लगानीको वातावरण बन्दैछ'



नेपाल लगाानीकर्ताको लागि राम्रो सम्भावना भएको मुलुकको रुपमा पनि व्याख्या गर्ने गरेको पाइन्छ । नेपालमा रहेको प्राकृतिक स्रोतसाधन, भौगोलिक अवस्था र सस्तो श्रम तथा जनशक्तिको कारण लगानी गर्दा छोटो समयमा नै धेरै नाफा प्राप्त गर्न सकिने कतिपयको विश्लेषण छ । राजनीतिक अवस्था र कोभिड महामारी पछि आर्थिक मन्दीले विश्वभरी नै लगानीको वातावरण बिग्रिएको थियो । तर, विस्तारै लगानीकर्ताले लगानी गर्ने क्षेत्र खोजिरहेका छन् । नेपालमा लगानी गर्ने लगानीकर्ताका लागि लगानीको वातावरण, सम्भावना र चुनौतीको विषयमा लगानी बोर्ड कार्यालयका प्रमुख कार्यकारी अधिकृत **सुशील ज्ञवाली**सँग मध्यान्हका **छबि सापकोटा**ले कुराकानी गरेका छन् ।

**सुशील ज्ञवाली**
प्रमखु कार्यकारी अधिकृत, लगानी बोर्ड

### नेपालमा लगानीको वातारवण कस्तो छ ?

नेपालको हावापानी, आतिथ्यता र संस्कृतिले नेपालको विश्वमै फरक परिचय छ । अरु देश भन्दा फरकपन कै कारण नेपालमा लगानी गर्न विदेशी तथा स्वदेशी लगानीकर्ताको चासो पनि देखिएको छ । विगतमा केही अप्ठ्यारो परिस्थितिको कारण लगानी आउन सकेको थिएन । तर, बिस्तारै सरकारले ऐन कानुनमा गरेको परिवर्तनले लगानीको वातावरण बनाउन सहज बनाएको छ ।

लगानीको दृष्टिकोणले नेपाल भर्जिनल्यान्ड भएको हुनाले यहाँ अपार सम्भावना छ । यति बेला नेपाल लगानीको पर्खाइमा छ । नेपालको प्राकृतिक स्रोतसाधन, श्रम तथा जनशक्ति, पर्यटन, कृषि जलविद्युत, उर्जा लगायतका क्षेत्रमा देखिएको सम्भावनाकै कारण लगानीकर्ताको चासो बढ्दो छ ।

### सम्भावना हुँदाहुँदै पनि लगानीकर्ता किन नेपालमा आएका छैनन् ?

त्यसमा हामी सबै गम्भीर हुन आवश्यक छ । लगानीकर्ताले सम्भावना देखेपनि लगानीको सुरक्षा नदेखेसम्म लगानी गर्न चाहँदैनन् । नेपालमा विदेशी लगानी नआएको भन्ने होइन तर सानो लगानीले मात्र फड्को मार्न निकै कठिन छ । विगत एक दशकको मुल्यांकन गर्ने हो भने हामीले फड्को मार्न धेरै नै बाँकी देखिन्छ । तर, पछिल्लो समयमा लगानी वोर्डको कार्यालयले नेपालमा लगानी ल्याउनका लागि धेरै नै काम गरिहरेको छ ।

लगानीको बोर्डको नेतृत्वमा गरिएको लगानी सम्मेलनपछि नेपालमा स्वदेशी र विदेशी लगानीको वातावरण बन्दै गएको छ । सिमेन्ट, उर्जा, पर्यटन, होटल तथा आइटी क्षेत्रमा लगानी बढ्दो छ । विदेशी लगानी आएपछि निर्माण क्षेत्रका लागि अत्यावश्यक सिमेन्टको मूल्य सस्तो भएको छ । रोजगारी सृजना भएको छ । यस्तै उर्जा क्षेत्रमा अरुण तेस्रोमा समेत विदेशी लगानी छ, जुन अब सञ्चालनमा आउने तयारीमा छ । त्यसबाट समेत नेपालले ठुलो लाभ लिँदै छ ।

मेगा आयोजनाको लागि समय लाग्छ तर, अहिले जुन गतिमा काम भएको छ त्यसलाई तोड्न आवश्यक छ । पछिल्लो समय स्वदेशी र एनआरएनहरू समेत लगानीको लागि तयार देखिएका छन् । त्यसले लगानीकर्ता नेपालमा लगानी गर्न इच्छुक नै छन् भन्ने बुझाउँछ ।

### नेपालमा लगानी गर्ने वातावरण कत्तिको बनेको छ ?

वातावरण धेरै नै राम्रो बन्दै गएको छ । १६औं पञ्चवर्षीय योजनामा एक सय १२ खर्ब रुपैयाँ बराबर लगानीको अपेक्षा गरिएको छ । त्यो लगानी हुँदा वित्तिकै नेपालको विकास र समृद्धिको सपनाको लक्ष्य पूरा गर्न धेरै समय पखर्नु पर्ने अवस्था आउँदैन ।

लगानी बोर्डले ७४ खर्ब लगानी निजी क्षेत्रबाट, पाँच खर्ब लगानी सहकारी र सामुदायिक क्षेत्रबाट र ३४ खर्ब लगानी सरकारको तहबाट ल्याउने गरी केही काम समेत गरेको छ । जब ठूला आयोजनामा आन्तरिक र बाह्य लगानी आउने वातावरण बन्दैन तबसम्म देशको समृद्धिको लक्ष्य पूरा हुँदैन भनेर हामी ठूलो आयोजनामा केन्द्रित भएका छौँ ।

नेपालले लगानी सम्मेलन गर्दा केही कानुनहरू समेत परिवर्तन गरेर लगानीकर्तालाई आह्वान गरेको छ । अध्यादेशमार्फत् कानुन ल्याएर भएपनि वैदेशिक लगानी भित्र्याउने वातावरण बनाएको छ । थुपै कानुनमा गरिएको परिवर्तनले लगानीको माहोल बन्दै गएको बुझ्न सकिन्छ ।

यस्तै, आर्थिक वर्ष २०८२/८३ को लागि आएको नीति तथा कार्यक्रम र बजेटले समेत निजी क्षेत्रलाई उत्साहित बनाएको छ । बजेटले निजी क्षेत्रका मागलाई समेटेर सहज गरिदिएको छ । निजी क्षेत्रका व्यवसायीहरूका निम्ती बोल्ड निर्णयको रूपमा हेरिएको छ । लगानी बोर्डले समेत सरकारलाई लगानीमैत्री कानुन निर्माणमा पनि दबाब दिइरहेको अवस्था छ । अब महत्वकांक्षी लक्ष्यको साथ अगाडि बढ्ने र लगानीकर्तालाई उत्साहित बनाउने काम हुन आवश्यक छ ।

अरु देशले वैदेशिक लगानी भित्र्याउनका लागि गरिरहेको प्रयास हामीले सिक्न आवश्यक छ । नीतिगत र कानुनी सुधारको बाटोमा अझै काम गर्नुपर्छ । नेपालले समेत अरु मुलुकले गरेको प्रयासलाई तुलनात्मक अध्ययन गरेर लगानीकर्तालाई आकर्षण गर्ने कार्यक्रम बनाउन सक्नुपर्छ । लगानी बोर्डले अहिले रणनीति र व्यावसायिक योजना बनाईरहेको छ । आगामी ४ वर्ष भित्रमा १५ बिलियन अमेरिकन डलरको लगानी स्वीकृत गराउनेगरी काम भइरहेको छ, त्यसले फेरि थप लगानीको वातावरण बन्न सक्ने देखिन्छ ।

### लगानीको प्रतिबद्धता आउने, तर लगानी नआउने अवस्थालाई रोक्न के गर्न आवश्यक छ ?

प्रतिबद्धता र लगानीबीचको दुरी धेरै नै छ । हामीसँग आयोजनाको तयारी र आयोजना बैंक नै कमजोर हुँदा प्रतिबद्धताअनुसार लगानी आएको देखिँदैन । यो नै नेपालको लागि एउटा ठूलो चुनौती हो । हामीले आयोजना बनाएर लगानीकर्तालाई कसरी फाइदा हुन्छ भन्न सकिरहेको अवस्था छैन । सरकारले यो जोखिम लिन्छ, लगानीको रिटर्न यसरी आउँछ भनेर प्रष्टसँग नबताउँदा लगानीकर्ता लगानी गर्न इच्छुक देखिँदैनन् ।

संघ, प्रदेश र स्थानीय तीनै तहसम्म समन्वय गरेर काम गर्न सकिन्छ । वैदेशिक लगानी वा स्वदेशी लगानी प्रवर्द्धनको काम गर्न सकिन्छ । लगानीकर्ता अझै पनि विभिन्न मन्त्रालय र विभाग धाउनुपर्ने बाध्यता छ, त्यसलाई नहटाई काम गर्न सकिँदैन । यस्तै, आन्तरिक लगानी आयो भने मात्र वैदेशिक लगानी आउन सक्छ । आन्तरिक लगानीले वैदेशी लगानीकर्तालाई विश्वासको वातावरण पैदा गर्छ । त्यसैले सबैभन्दा पहिले देश भित्रकै लगानीकर्तालाई अगाडि बढाउने योजनामा लगानी बोर्डले समेत काम गरिरहेको छ ।

त्यसका लागि लगानी बोर्डले वैकल्पिक विकास, वित्त ऐन र सोही अनुसार विशेष कोषको आवश्यकता छ भनेर सरकारलाई भनिरहेको अवस्था छ । हामिसँग सञ्चयकोष, बीमा कम्पनी, टेलिकम लगायत विभिन्न कोषहरूमा भएको रकमलाई उत्पादनमुखी लगानीमा लगाउन आवश्यक छ । त्यो रकमलाई परिचालन गर्ने विधि बनाउने हो भने ३/४ खर्ब रकम त हाम्रै कोषहरूबाट निकाल्न सकिन्छ ।

### विदेशबाट आएको रेमिट्यान्सलाई लगानी गर्ने वातावरण बनाउन ध्यान पुगिरहेको छैन कि ?

अहिले नेपालमा आएको रेमिट्यान्सको हिस्सा मध्ये निकै लगानी भएको छ । रेमिट्यान्सबाट आएको रकम उपभोगमै खर्च भइरहेको छ, त्यसलाई रोक्न समेत लगानीमा लैजाने कार्य अगाडि बढाउन आवश्यक छ । रेमिट्यान्सबाट आएको रकमलाई सदुपयोग गर्ने नीति नै बनाउनु पर्छ । जसमार्फत् रोगजारी, आर्थिक वृद्धि, समृद्धि र विकासको चाहना पूरा गर्न लगानीको न्यूनतालाई सम्बोधन गर्न सकिन्छ ।

## नेपालको प्रविधि क्षेत्रमा लगानी गर्न ब्रिटिश लगानीकर्तालाई आग्रह

**काठमाडौं/मस** - बेलायतको लन्डनस्थित नेपाली राजदूतावासमा आयोजित उच्चस्तरीय नेपाल-युके टेक फोरममा दुवै देशका नीति निर्माताहरू, कूटनीतिज्ञहरू, व्यावसायिक नेताहरू र प्रविधि उद्यमीहरूले नेपालमा सूचना प्रविधिको क्षेत्रमा लगानी तथा सहकार्यका थुप्रै सम्भावनाहरू रहेको जनाएका छन् ।



लण्डनस्थित नेपाली दूतावासका अनुसार बेलायतका लागि नेपाली राजदूत चन्द्रकुमार घिमिरेले नेपाल दक्षिण एसियाको सबैभन्दा लोकतान्त्रिक र समावेशी मुलुकमध्ये एक भएको बताए । उनले पछिल्लो समयमा भएको आर्थिक तथा नीतिगत सुधार हरूको उल्लेख गर्दै नेपाल अहिले ऊर्जा निर्यात गर्ने देश बनेको छ र जीवन्त आईटी बजार रहेको बताए ।

राजदूत घिमिरेले बेलायती कम्पनीहरूलाई नेपालको आईटी सेवा आउटसोर्स गर्न र नेपालमा लगानी गर्न आग्रह गरे । नेपालका लागि बेलायतका राजदूत रब फेनले नेपालमा ब्रिटिश लगानी लगानी भित्र्याउन र द्विपक्षीय व्यापार वृद्धि गर्न अहिले उपयुक्त समय आएको बताए ।

उनले आईटी र नवीकरणीय ऊर्जामा लगानीका लागि आधार तयार भएको बताउँदै नेपाल र युकेबीच दोहोरो कर उन्मुक्तिसम्बन्धी सम्झौता गर्ने तयारी भइरहेको पनि जनाए । ब्रिटिश संसदमा 'अल नेपाल पार्लियामेन्टरी ग्रुप' की अध्यक्ष सांसद एलेक्स बेकरले नेपाल तथा युकेबीच सीधा हवाई सेवा सुरु गर्न आवश्यक रहेको बताए ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपाल सरकारले ऊर्जा, सूचना तथा सञ्चार प्रविधि, पूर्वाधार विकासलाई प्राथमिकता दिएको बताउँदै नेपालले सूचना प्रविधिमा सय प्रतिशत प्रत्यक्ष विदेशी लगानी गर्न अनुमति, सात वर्षसम्म कर छुट र मुनाफा फिर्ता लैजान सक्ने सुविधा दिएको बताए ।

उनले सातै प्रदेशमा आईटी पार्क निर्माण र प्रधानमन्त्रीको अध्यक्षतामा आईटी प्रवर्द्धन बोर्ड स्थापना गर्ने योजना रहेको समेत सुनाए । उनले विदेशी लगानीकर्तालाई सहजीकरण गर्न बोर्ड तयार रहेको जनाए ।

डोल्मा इम्प्याक्ट फन्डका संस्थापक टिम गोचरले कृत्रिम बुद्धिमत्ता र डेटा सेन्टरमार्फत नेपालको उत्पादनशीलता बढाउने अपार सम्भावना रहेको बताए । उनले नेपालको हिमाली भेगको चिसो मौसम, स्वच्छ ऊर्जा र डिजिटल जनशक्तिलाई परिचालन गरी विश्वस्तरीय डेटा सेन्टरहरू निर्माण गर्न सकिने बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सूचना प्रविधि, डिजिटल सेवाजस्ता उदाउँदो क्षेत्रको रहे तापनि डिजिटल र सेवा क्षेत्रमा नेपालले विश्वस्तरीय प्रतिस्पर्धा गर्नसक्ने क्षमता देखाएको बताए ।

बेलायतमा मुख्यालय रहेको सूचना प्रविधिसम्बन्धी कम्पनी, जेनेस सोलुशनका प्रमुख कार्यकारी अधिकृत अञ्जनी फुयाँलले नेपालको युवा जनशक्तिले विश्व बजारमा गुणस्तरीय सेवा प्रदान गरिरहेको भन्दै नेपालमा लागत कम र गुणस्तर उच्च रहेको एक दुर्लभ संयोजन उपलब्ध रहेको बताए । उनले नेपालका सबै प्रदेशमा प्रविधिको पूर्वाधार विस्तार गर्दै लैजानुपर्ने बताए ।

नेपालका सूचना प्रविधिसम्बन्धी कम्पनीहरूको प्रतिनिधि संस्था, नास आइटीका अध्यक्ष सन्तोष कोइरालाले अहिले करिब नब्बे हजार युवा सूचना प्रविधि क्षेत्रमा कार्यरत रहेको र वार्षिक करिब ८० करोड अमेरिकी डलर बराबरको आम्दानी यस क्षेत्रबाट भइरहेको बताए ।

कार्यक्रममा आइएमई ग्रुपका सह-संस्थापक तथा प्रबन्ध निर्देशक हेमराज ढकाल, नेपाल क्लियरिङ हाउस लिमिटेडका सिइओ नीलेशमान सिंह प्रधान, बेलायतमा कार्यरत युवा उद्यमी रुवि राउत, ब्रिटेन नेपाल च्याम्बर अफ कमर्सका अध्यक्ष डा कपिल रिजाललगायतले नेपाल तथा युकेबीच व्यापार तथा लगानी बढाउन थुप्रै सम्भावना रहेको बताए ।

## मलेसियाका व्यवसायीले नेपालमा लगानीको सम्भावना खोज्दै



**काठमाडौं/मस** - नेपालमा विभिन्न क्षेत्रमा लगानीको सम्भावना र अवसरका विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग मलेसिया-नेपाल बिजनेस काउन्सिलको प्रतिनिधिमण्डलले शनिबार भेट गरेको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा प्याराडाइज्ड ग्रुप कम्पनी, मलेसियाका कार्यकारी अध्यक्ष प्रदीपकुमार कुक्रेजा (दातो) को नेतृत्वमा आएको २० सदस्यीय प्रतिनिधिमण्डलले आफूहरू नेपालमा नयाँ उद्यमहरूका लागि अर्थपूर्ण व्यावसायिक तथा दुई देशको सम्बन्ध स्थापित गर्न र नेपालको व्यावसायिक वातावरणबारे विस्तृतरूपमा बुझ्न भ्रमणमा आएको अवगत गराए ।

प्रधानमन्त्री ओलीले नेपालको समृद्धिका लागि विदेशी लगानीलाई प्रोत्साहन र सहजीकरण गर्न सरकारले कानुनी र संरचनात्मक सुधारहरु गर्दै आएको जानकारी गराउँदै नेपालमा लगानी गर्न आग्रह गरे । उनले आगामी दिनमा के कस्तो सुधार र सहजीकरण आवश्यक छ भन्नेमा सरकार सधैँ व्यवसायीसँग सहकार्यमा रहने जानकारी दिए

प्रतिनिधिमण्डलले आफूहरूले नेपालमा फोहोर (प्लास्टिक) प्रशोधन, सूचना प्रविधि उद्यान, पर्यटन आदि क्षेत्रमा काम गर्न उत्सुक भएको जनाएको छ । भेटका अवसरमा नेपालमा पर्यटन, कृषि, सूचना प्रविधि, जनशक्ति, कपडा र विविध क्षेत्रहरूमा लगानीको सम्भावनाबारे छलफल भएको थियो । मलेसियास्थित नेपाली दूतावासको सहकार्यमा आएको उक्त प्रतिनिधिमण्डल तीनदिने यात्राका लागि यही असार १८ गते काठमाडौं आएको थियो ।

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति **२०८२ असार २५** गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**